

# जिल्लास्तरीय खाद्य सुरक्षा अनुगमन व्यवहारिक ज्ञान तथा सीप

## सिकाइका उद्देश्यहरू

यस भागको अध्ययन पश्चात् अध्ययनकर्ता निम्न कुरामा सक्षम हुनेछन् :

१ खाद्य सुरक्षाका आधारभूत सैद्धान्तिक पक्षको समीक्षा गर्न ।

२ जिल्लास्तरीय त्रैमासिक खाद्य सुरक्षा जानकारी सङ्कलन योजना निर्माण गर्न ।

३ जिल्ला खाद्य सुरक्षा अनुगमनका लागि विभिन्न विधिहरूको प्रयोग गरी जानकारी सङ्कलन गर्न ।

४ खाद्य सुरक्षा जानकारी आदान प्रदान फारामको प्रयोग गरी जानकारीहरू सङ्कलनका प्रयासको प्रतिफल कार्य समूहसँग आदान प्रदान गर्न ।

५ विभिन्न विश्लेषणात्मक तालिकाहरूको प्रयोग गरी खाद्य सुरक्षा विश्लेषण गर्न ।

६ खाद्य सुरक्षा विश्लेषणको सहभागीमूलक समीक्षा सञ्चालन गर्न ।

७ सान्दर्भिक तालिकाहरूको प्रयोग गरी खाद्य सुरक्षा विश्लेषणका जानकारी केन्द्रीय विश्लेषण इकाइमा सम्प्रेषण गर्न ।

# २.१ खाद्य सुरक्षा अनुगमनको लागि तथ्याङ्क सङ्कलन, आदान प्रदान तथा रुजु

## *क. जिल्लामा सामुहिक तथ्याङ्क सङ्कलन*

हरेक संस्थाको आफ्नैं नियमित कार्यक्रम हुन्छ तसर्थ जिल्ला खाद्य सुरक्षा सञ्जालका सदस्यहरूले उनीहरूको स्रोत र समयको समानुपातिक अंश जुन उनीहरूको नियमित कार्ययोजनासँग प्रत्यक्ष रूपले सम्बन्धित हुँदैन त्यसलाई तथ्याङ्क सङ्कलनको लागि छुट्टयाउँछन् भनेर आशा गर्नु निश्चय नै व्यवहारिक हुँदैन ।

यस भागले सहभागीहरूलाई यस कुरा प्रष्ट पार्न प्रयास गर्दछ कि उनीहरूको नियमित क्रियाकलापमा कुनै आमूल परिवर्तन नल्याइकन नैं जिल्लास्तरीय खाद्य सुरक्षा अनुगमन प्रणालीको कार्यान्वयनको लागि आवश्यक तथ्याङ्क सङ्कलन सम्भव छ । तर सफलताको एक साँचो भनेको पर्याप्त मात्रामा सञ्जालभित्र समभदारी कायम गरी उच्चतम् लक्षित प्रतिफलको लागि विभिन्न तथ्याङ्कहरूलाई उपयूक्त संयोजन गर्नु हो ।

## *ख. जिल्लास्तरीय त्रैमासिक खाद्य सुरक्षा तथ्याङ्क सङ्कलन योजनाको तयारी*

जिल्ला खाद्य सुरक्षा सञ्जालका सदस्यहरूलाई त्रैमासिक खाद्य सुरक्षा जानकारी सङ्कलन योजना निर्माण गर्न आमन्त्रण गरिन्छ । यस्तो सामुहिक योजनाको निर्माणले समय र स्रोतको प्रभावकारी उपयोग हुन्छ र कसले कस्तो तथ्याङ्क सङ्कलन गर्ने भन्ने बारेमा स्पष्ट हुन सहयोग पुऱ्याई कार्यमा दोहोरोपना हुने सम्भावना हटाउँछ । तलका बुँदाहरूले खाद्य सुरक्षा जानकारी सङ्कलन योजना निर्माणको चरणहरूको संक्षिप्त विवरण दिनेछ ।

१) **जिल्ला खाद्य सुरक्षा सञ्जालका सदस्यहरूद्वारा हाल सङ्कलित तथ्याङ्कहरू सूचीकृत गर्ने** : जुन तथ्याङ्क उहाँहरूले आफ्नो नियमित क्रियाकलापको क्रममा सङ्कलन गरिरहनु भएको छ (तालिका ६) ।

जिल्ला खाद्य सुरक्षा सञ्जालका सदस्यहरूसँग हाल के कस्ता जानकारी सङ्कलन भइ रहेका छन् ? भन्ने कुराको जानकारी लिन एकल जानकारी सङ्कलन योजना प्रश्नावली एक महत्वपूर्ण औजार हो । सञ्जालका हरेक सदस्य संस्थाले आफ्नो संस्थाको स्रोत व्यक्ति (योजना अधिकृत, तथ्याङ्क शास्त्री, कार्यक्रम संयोजक, फिल्ड अफिसर) को प्रत्यक्ष संलग्नतामा यो तालिका भर्नु उपर्युक्त हुन्छ ।

हरेक खाद्य सुरक्षाका सन्दर्भ सूचक (पहिलो महल तालिका ६) लाई मध्यनजर गर्दै, खाद्य सुरक्षा सञ्जाल सदस्यले;

- कुन कुन जानकारीहरू हाल नियमित कार्यक्रम अन्तर्गत सङ्कलन भइरहेका छन् ? जुन त्यस सूचकसँग सम्बन्धित छन् र ती जानकारी खाद्य सुरक्षा अनुगमनका लागि उपयोगी छन् (दोस्रो महल)
- कस्ता खालका सामान्य परिवर्तन, नियमित कार्यक्रममा खास प्रभाव नगरीकन खाद्य सुरक्षा अनुगमनका लागि सान्दर्भिक जानकारी सङ्कलन गर्न सकिन्छ (तेस्रो महल)

तालिका ६

## एकल जानकारी सङ्कलन योजना प्रश्नावली

| सन्दर्भ सूचकहरु | नियमित कार्यक्रम अन्तर्गत हाल सङ्कलित जानकारीहरु | भविष्यमा सङ्कलन गर्न सकिने अन्य जानकारीहरु र तिनका उपायहरु |
|---|---|---|
| १. अन्नवाली उत्पादन/अवस्था | | |
| २. घरधुरीहरुमा खाद्य सञ्चयको अवस्था | | |
| ३. प्रमुख बजारमा मुख्य खाद्यान्नको सञ्चय | | |
| ४. जिल्लाभित्र ज्यालादारी रोजगारीको अवसर | | |
| ५. गैर काष्ठ वन पैदावार, नगदे बाली वा अन्य कृषिजन्य उत्पादनको बिक्री | | |
| ६. चामलको बजारभाउ | | |
| ७. प्राकृतिक प्रकोप | | |
| ८. बसाइ-सराइ | | |
| ९. निर्वाह पद्धति | | |
| १०. बालबालीकाहरुमा (५ वर्ष मुनिका) कुपोषणको अवस्था | | |
| ११. रोग व्याधि | | |
| १२. नागरिक सुरक्षा | | |

२) खाद्य सुरक्षा सञ्जालका सदस्यले भरेका एकल जानकारी सङ्कलन योजना प्रश्नावली खाद्य सुरक्षा विश्लेषण तालिकाको सहयोग लिई प्राप्त जानकारीको सन्दर्भमा के के कमी छ पत्ता लगाउनुहोस् । खाद्य सुरक्षा अनुगमन गर्नको लागि थप कुन तथ्याङ्कको कमी छ ?

३) सम्बन्धित खाद्य सुरक्षा सञ्जालका सदस्यसँग हरेक संस्थाद्वारा जानकारीको कमीलाई कसरी पूरा गर्न सकिन्छ छलफल विश्लेषण गर्ने ?

४) तथ्याङ्क सङ्कलन योजनाको लागि व्यवहारिक योजना निर्माण र सहमति गर्ने ।

५) उपर्युक्त सहमतिको आधारमा जिल्लाको त्रैमासिक खाद्य सुरक्षा तथ्याङ्क सङ्कलन योजना (तालिका ७) को तालिका प्रयोग गरी) तयार पार्ने । यो तालिकाले भविष्यमा कुन संस्थाले के जानकारी सङ्कलन गर्दैछ भन्ने समग्र विवरण प्रस्तुत गर्दछ । जिल्ला खाद्य सुरक्षा सञ्जालका सम्पूर्ण सदस्यहरूलाई यो योजनामा सहमति गराउने ।

तालिका ७

## जिल्लाको त्रैमासिक खाद्य सुरक्षा तथ्याङ्क सङ्कलन योजना

| सन्दर्भ सूचकहरु | संस्थाको नाम र सङ्कलित तथ्याङ्क | संस्थाको नाम र सङ्कलित तथ्याङ्क | संस्थाको नाम र सङ्कलित तथ्याङ्क | संस्थाको नाम र सङ्कलित तथ्याङ्क |
|---|---|---|---|---|
| १. अन्नवाली उत्पादन/अवस्था | | | | |
| २. घरधुरीहरूमा खाद्य सञ्चयको अवस्था | | | | |
| ३. प्रमुख बजारमा मुख्य खाद्यान्नको सञ्चय | | | | |
| ४. जिल्लाभित्र ज्यालादारी रोजगारीको अवसर | | | | |
| ५. गैर काष्ठ वन पैदावार, नगदे बाली वा अन्य कृषिजन्य उत्पादनको बिक्री | | | | |
| ६. चामलको बजारभाउ | | | | |
| ७. प्राकृतिक प्रकोप | | | | |
| ८. बसाइ-सराइ | | | | |
| ९. निर्वाह पद्धति | | | | |
| १०. बालबालीकाहरूमा (५ वर्ष मुनिका) कुपोषणको अवस्था | | | | |
| ११. रोग व्याधि | | | | |
| १२. नागरिक सुरक्षा | | | | |

## संस्थागत स्तरमा जानकारी सङ्कलन

### *हरेक संस्थाको संस्थागत स्तरमा जानकारी सङ्कलन योजना निर्माण*

हरेक नयाँ अनुगमन चक्रको शुरूवातमा सञ्जालका प्रत्येक सदस्यले जिल्लास्तरीय त्रैमासिक खाद्य सुरक्षा तथ्याङ्क सङ्कलन योजना अनुसार आफ्नो तथ्याङ्क सङ्कलनको योजना बनाउनु पर्दछ ।

निम्नलिखित चरणहरू अपनाउन सकिन्छ :

- आफ्नो संस्थामा कुन तथ्याङ्क उपलब्ध छ र कुन तथ्याङ्कको खाँचो छ पत्ता लगाउने
- कुन तथ्याङ्क विशेषत महत्वपूर्ण छ ? त्यस आधारमा प्राथमिकता तोक्ने ।
- उपलब्ध नभएका तथ्याङ्क सङ्कलन गर्न सम्भावित (पहिला नै पहिचान गरिएको अति महत्वपूर्णबाट शुरूवात गर्दै) स्रोतको पहिचान गर्ने ।
- जानकारी सङ्कलनको लागि तपाईंको नियमित कार्यक्रम योजना अनुरूप विभिन्न क्रियाकलापहरूको सम्भाव्यतालाई मध्यनजर गर्दै योजना तर्जुमा गर्ने ।
- तथ्याङ्क सङ्कलनको कार्य अगाडि बढाउने ।

## खाद्य सुरक्षाका सूचनाहरू सङ्कलन गर्न प्रयोग गर्न सकिने मुख्य विधिहरू

तथ्याङ्क सङ्कलन भनेको विशेष उद्देश्यको लागि विभिन्न स्रोतहरू जस्तै प्रश्नावली, अन्तरवार्ता, अवलोकन, विद्यमान तथ्याङ्क र विद्युतीय उपकरणहरूबाट व्यवस्थित रूपमा जानकारी सङ्कलन गर्ने प्रक्रिया हो ।

तथ्याङ्क सङ्कलन गर्ने धेरै विधिहरू छन् । तिनीहरू मध्ये खाद्य सुरक्षा अनुगमनसँग सान्दर्भिक पाँच वटा विधिबारे यहां छलफल गरिनेछ :

१) द्वितीय स्रोतको उपयोग
२) जानिफकारसँग अन्तरवार्ता
३) लक्षित समूह छलफल
४) प्रत्यक्ष अवलोकन
५) निश्चित प्रश्नावलीको प्रयोग गरी घरधुरी सर्वेक्षण

सुझाव ३

### तथ्याङ्क सङ्कलन

- यसलाई सरल राख्नुहोस् र व्यवहारिक अपेक्षा राख्नुहोस् ।
- आवश्यक परेमा कार्य समूह वा विश्व खाद्य कार्यक्रमका फिल्ड मनिटरको प्राविधिक सहयोग लिनुहोस् ।
- तथ्याङ्क विभिन्न स्रोतबाट लिनुहोस् जसले गर्दा सूचनाको विश्वसनीयता जाँच्न (रूजु गर्न) सकियोस् ।
- तथ्याङ्क व्यवस्थित गर्न समय निर्धारण गरी खाद्य सुरक्षा जानकारी आदान प्रदान फाराम अनुरूप जानकारी सङ्कलन गर्नुहोस् ।
- संख्यात्मक र गुणात्मक तथ्याङ्क दुवैमा ध्यान दिनुहोस् ।

अब हामी हरेक विधिको विस्तृत रूपमा अध्ययन गर्नेछौं ।

## १. द्वितीय स्रोतको उपयोग

अन्य अनुसन्धान तथा सर्वेक्षणको क्रममा पहिला नै सङ्कलन गरी राखिएका जानकारीको प्रयोग नै द्वितीय स्रोतको उपयोग हो । द्वितीय स्रोतको उपयोगले समय र खर्चको बचत हुने हुनाले, कुनै जानकारी सङ्कलन गर्नु पूर्व द्वितीय स्रोतमा के के जानकारी उपलब्ध छन् ? भनी निर्क्यौल गर्दा समय र लगानीको बचत गर्न सकिन्छ । तर पनि कतिपय अवस्थामा उपलब्ध जानकारी पर्याप्त नहुन सक्छन्; जानकारी निश्चित सूचक अनुरूपका नहुन सक्छन् । सूचक अनुरूपका जानकारी प्राप्त भएमा पनि कहिले काहीं जानकारी पुराना वा अध्ययन गर्न खोजिएको भौगोलिक अवस्थाबारे नहुन सक्छन् ।

द्वितीय स्रोतबाट जानकारी उपलब्ध हुने भएमा, यसको उपयुक्तता, सान्दर्भिकता र विश्वसनीयताबारे पनि विचार गर्नु पर्दछ । नमूना (sampling) प्रक्रियाबारे उल्लेख नभएका जानकारी प्रयोग गर्दा सावधानी अपनाउनु पर्दछ ।

द्वितीय स्रोतको उपयोग निम्न लगायतका विभिन्न स्रोतहरूबाट सङ्कलन गरिन्छ :

- प्रशासनिक अभिलेख र सर्वेक्षण, सरकारी अङ्गहरू, बहुपक्षीय संस्थाहरू, अनुसन्धानात्मक संस्थाहरू वा अन्य सहयोगी संस्थाहरू ।
- परियोजनाका दस्तावेजहरू र अभिलेखहरू परियोजनाको शुरूवातमा, कार्यान्वयन कालमा वा अनुगमनमा पहिले नै सङ्कलन गरिएको ।
- अनुसन्धान कर्ताहरू र सहयोगी संस्थाहरूको समीक्षकहरूले अनुगमन र मूल्याङ्कन प्रक्रियामा सङ्कलित/सम्पादित जानकारी ।

## २. *जानिफकारसँग अन्तरवार्ता*

**जानिफकारसँग अन्तरवार्ता भनेको के हो ?**

पहिचान गरिएको विषयवस्तुको बारेमा प्रत्यक्ष ज्ञान भएको व्यक्तिहरूसँगको गहन र गुणस्तरीय अन्तरवार्ता हो । छलफल गरिनुपर्ने विषयवस्तुको सूचीलाई आधार बनाएर अन्तरवार्तालाई लचिलो ढङ्गले तयार परिएको हुन्छ । जानिफकारहरूको अन्तरवार्ता, चिनेजानेका मनिसहरूको बीचमा वार्तालाप भए जस्तो बिचार र सूचनाहरूको प्रवाहलाई खुल्ला हुन दिनुपर्छ । अन्तर्वाता लिने व्यक्तिले स्वतस्फुर्त रूपमा प्रश्नहरू तयार पार्नु पर्दछ । सूचनाको जाँचपडताल गर्नुपर्दछ, टिपोट लिनु पर्दछ (जसलाई पछि व्याख्या गरिन्छ ) ।[१०]

## ३. *लक्षित समूह छलफल*

लक्षित समूह छलफल सहजकर्ताद्वारा निर्देशित सामान्यतया ६ देखि १२ जनाको सामूहिक छलफल हो जसमा समूहका सदस्यहरूले कुनै विषयमा स्वतन्त्र र स्वतस्फूर्त रूपमा कुरा गर्दछन् ।

लक्षित समूहको छलफल एउटा गुणात्मक विधि हो । यसको उद्देश्य गहिराइमा गई समूहको धारणाहरू, बिचार र उनीहरूले ग्रहण गरेका कुराहरूको जानकारी प्राप्त गर्नु हो । लक्षित समूह छलफलले प्रश्नोत्तरभन्दा अन्तरक्रियामा बढी जोड दिन्छ । अर्थात समूहका सदस्यहरूले सहजकर्ताको निगरानीमा रही विषयवस्तुमाथि एक आपसमा छलफल गर्दछन् ।

**लक्षित समूह छलफल कसरी सञ्चालन गर्ने ?**

**उद्देश्यको निर्धारण गर्ने** : लक्षित समूह छलफललाई सुक्ष्म अध्ययनको रूपमा लिन सकिन्छ । त्यसैले यसमा एउटा वा दुईवटा स्पष्ट उद्देश्यहरूको आवश्यकता पर्दछ । यी उद्देश्यहरूले छलफल गरिने प्रश्नहरूको निर्माण प्रक्रियामा अनुसन्धानकर्तालाई निर्देशित गर्दछ ।

**अवस्थाको विश्लेषण** : कुनै पनि लक्षित समूह छलफलको लागि स्थानीय परिस्थितिको राम्रो ज्ञान हुनु जरूरी छ । समुदायका सदस्यहरूबीच जहिले पनि शिक्षा, राजनैतिक शक्ति, लिङ्ग, आर्थिक अवस्था र जातित्वको आधारमा भिन्नता हुन्छ । उनीहरूको भिन्नता उनीहरूले भोगेका समस्याहरू प्रतिको उनीहरूको धारणा र त्यसको समाधानमा प्रतिबिम्बित हुन्छ ।

.................................

१० Performance Monitoring and Evaluation, USAID, Centre for Development Information and Evaljution.

लक्षित समूह छलफल तयार गर्दा ध्यान दिनुपर्ने बुँदाहरू :
१. सहभागीहरूको छनौट
२. भौतिक बन्दोबस्ती (छलफल गर्ने स्थान, बस्ने ठाउँ आदि)
३. छलफल निर्देशिकाको (guidelines) तयारी

**बैठकको योजना** : टोलीको एकजना सदस्यले 'सहजकर्ता' र अर्को एक जनाले टिपोटकर्ताको रूपमा काम गर्नु पर्दछ । सहजकर्ताले सकेसम्म सहभागीहरूको विविधता (समान उमेर, शिक्षा, लिङ्ग आदि) बारे राम्रो ख्याल राख्नु पर्दछ ।

**सहजकर्ताको काम** : सहजकर्ताले त्यस विषयमा विज्ञको रूपमा क्रियाकलाप गर्नु हुँदैन र उनको भूमिका भनेको सहभागीहरूलाई छलफलको लागि प्रोत्साहित गर्नु र सहयोग गर्नु मात्र हो ।

### *४. प्रत्यक्ष अवलोकन*

सूचना प्राप्त गर्नका लागि कुनै पनि वस्तु, व्यक्ति वा प्रक्रियालाई होशियारीपूर्वक अवलोकन गर्ने कार्य वा प्रक्रिया नै प्रत्यक्ष अवलोकन हो । प्रत्यक्ष अवलोकन पद्धतिमा खोजकर्ताले सूचना प्राप्त गर्न अन्य व्यक्तिसँग वार्तालाप गर्नुभन्दा आफ्नो अवलोकन क्षमतामाथि भर पर्दछ ।

- विशेषतः बजारमा मूल्य सङ्कलन वा खाद्यन्न भण्डार (घरधुरी र बजारहरू) को मूल्याङ्कनका लागि उपयोगी हुन्छ ।
- बसाइ-सराइ प्रवृतिको सूचना प्राप्त गर्न भन्सारको मुख्य मार्ग र बस पार्कहरू (यदि भन्सार अधिकृतसँगको अन्तर्वाता साथ भएमा) को अवलोकनमा पनि यो उपयोगी हुन्छ ।
- सरल र छरितो तर अति व्यक्तिगत विश्लेषणमा भर पर्ने खालको विधि भएकोले यसलाई मात्र आधार नबनाई अन्य जानकारीको जाँचकको रूपमा वा अन्य विधिबाट जाँच गर्ने गरी प्रयोग गर्दा राम्रो हुने ।
- मौसमी अवस्था, प्राकृतिक प्रकोप, अन्न उत्पादन अवलोकनको लागि उपयोगी हुनसक्छ ।

### *५. घरधुरी सर्वेक्षण*

कुनै विषयवस्तुको विश्लेषण गर्ने उद्देश्यले निश्चित नमुना सङ्कलन प्रक्रिया अपनाई छानिएका घरधुरीबाट विशेष प्रश्नावलीको प्रयोग गरी जानकारी सङ्कलन गर्नु नै घरधुरी सर्वेक्षण हो ।

घरधुरी सर्वेक्षण खाद्य सुरक्षा अनुगमन प्रणालीमा खाद्य सुरक्षा चरण निर्धारणको प्रमाणीकरण गर्न र उपयूक्त कार्यक्रम पहिचान गर्नका लागि प्रयोग गरिन्छ । यी जानकारीले विभिन्न चरणमा रहेका घरधुरीहरूको विशेषता र अन्य विस्तृत जानकारी उपलब्ध गराउँछ ।

- **पहिलो चरण** भनेको घरधुरी सर्वेक्षण प्रश्नावली तयार पार्नु हो । यो काम केन्द्रीय विश्लेषण इकाइका प्राविधिक विज्ञहरूले गर्दछन् । नेपाल खाद्य सुरक्षा अनुगमन प्रणालीको लागि साधारण तालिकाहरू उपलब्ध भएता पनि त्यसलाई फिल्डको बद्लिदो परिस्थिति सापेक्ष बनाउन त्रैमासिक रूपमा त्यसलाई अद्यावधिक गर्न आवश्यक छ । प्रश्नावली निर्माण एक जटिल प्राविधिक प्रक्रिया हो । तसर्थ पाठकहरूलाई सन्दर्भको लागि थप प्रकाशनहरू हेर्न अनुरोध गरिन्छ ।

- **दोस्रो चरण**मा नमूना रणनीति (sampling strategy) परिभाषित गरिन्छ । यसको एउटा विधि जिल्ला स्तरमा हरेक खाद्य सुरक्षा चरण वर्गीकरणमा अनियमित/दैव (random) ढङ्गमा समुदायहरूलाई सूचीकृत गर्ने । जस्तैः चरण ४ वा ५ मा दुई समुदायहरू, चरण ३ मा २ समुदाय, चरण २ मा १ र चरण १ मा १ परिस्थिति अनुरूप लिने । यदि चरण ३, ४ वा ५ मा एक पनि गाविस नपरेको खण्डमा चरण २ र १ मा थप समुदायहरू नमूनाकृत गर्ने । हरेक समुदायमा १० घरधुरीहरू अनियमित/दैव (random) रूपमा सर्वेक्षणका लागि छान्नु पर्दछ ।

- **तेस्रो चरण** भनेको फिल्डमा सर्वेक्षण सञ्चालन गर्नु हो । फिल्ड खोजकर्ताहरूले नमूनाकृत घरधुरीहरू भ्रमण गर्छन् र प्रश्नावलीमा सूचीबद्ध प्रश्नहरू सोध्दछन् । यस कार्यको लागि खास केही सीपहरूको आवश्यकता पर्दछ । एक पटक प्रश्नावलीहरू भरिए पछि तथ्याङ्कको गुणस्तर निश्चित गर्न आवश्यक हुन्छ ।

- **चौथो चरण** भनेको तथ्याङ्क संयोजन हो । फिल्ड खोजकर्ता वा कुनै तोकिएको व्यक्तिले हाते कम्प्युटर (PDA) द्वारा कम्प्यूटर वा ल्यापटपमा तथ्याङ्क संयोजन गर्दछन् । तत्पश्चात, कुनै तोकिएको आधिकारिक व्यक्तिले तथ्याङ्क संयोजन ठिक भए नभएको जाँच गर्दछ र केन्द्रीय विश्लेषण इकाइमा सम्प्रेषण गरिन्छ ।

- **पाँचौं चरण**मा केन्द्रीय विश्लेषण इकाइले तथ्याङ्क व्यवस्थित गर्न प्रतिशत, अनुपात, मध्यस्तर हिसाब गर्ने र विभिन्न उप समूहको लागि भिन्दा भिन्दै तथ्याङ्क निकाल्ने गर्दछ । लगत जाँच साथै क्रस टेबुलेशन तालिका प्रक्रियाद्वारा प्रमाणीकरण विश्लेषण (multi-variate analysis) गरिन्छ ।

तालिका ८

## विभिन्न विधिका सबल र सीमितताहरू

| विधि | फाइदा | सीमितता |
|---|---|---|
| **द्वितीय स्रोतको उपयोग** | • सस्तो तथा खर्चको बचत गर्न सकिने ।<br>• छिटो-छरितो तथा दोहोरोपन हट्ने ।<br>• बचेको रकम अन्य कार्यमा खर्च गर्न मिल्ने ।<br>• ठूलो समूहमा हुने हुनाले नमुनाको रूपमा प्रयोग गर्न सकिने । | • जानकारी पुरानो हुन सक्ने ।<br>• आफूले खोजे जस्तो मिल्दो नहुने सम्भावना ।<br>• गोपनीयताको प्रश्न आउने सम्भावना ।<br>• गुणस्तरीयता बारे भन्न नसकिने । |
| **जानिफकारसँग अन्तरवार्ता** | • नमूना र अन्य दृश्य सामाग्री प्रयोग गर्न सकिने ।<br>• लामो र जटिल जानकारी सङ्कलन गर्न सकिने ।<br>• एक जनासगै छलफल हुने हुँदा छलफलमा अन्य व्यक्तिको हस्तक्षेप नहुने । | • महङ्गो हुने ।<br>• एक पक्षीय हुने डर । |
| **लक्षित समूह छलफल** (Focus Groups Discussion) | • विषयवस्तुबारे जानकारी गहिराइमा प्राप्त हुने ।<br>• धारणाहरूबारे जानकारी लिन सकिने ।<br>• छलफल अवलोकन गर्न सकिने ।<br>• दृश्य सामाग्री प्रयोग गर्न सकिने । | • सानो समूहको मात्र धारणा आउने ।<br>• सहजकर्ता सिपालु हुनु पर्ने ।<br>• जानकारी सङ्कलन प्रक्रिया कम प्रभावकारी हुन सक्ने । |
| **प्रत्यक्ष अवलोकन** | • प्रत्यक्ष रूपमा व्यवहार हेर्न सकिने ।<br>• जानकारी भर पर्दो र सही ।<br>• सस्तो हुने । | • आफ्नै मनोगत व्याख्या हुन सक्ने ।<br>• निश्चित व्यवहारको कारण पहिचान गर्न कठीन । |
| **घरधुरी सर्वेक्षण** | • गहिरो जानकारीका साथमा पर्याप्त तथ्याङ्क प्राप्त गर्न सकिने ।<br>• तथ्याङ्क विश्लेषण (statistical analysis) गर्न सकिने ।<br>• तथ्याङ्कले अध्ययन गरिने जनसंख्याको प्रतिनिधित्व गर्छ ।<br>• नियमित आधार । | • खर्चिलो हुन सक्ने ।<br>• नमूना (sampling) मा गल्ती हुन सक्ने ।<br>• प्रश्नावलीमा गल्ती हुन सक्ने । |

## ग. कार्य समूहका सदस्यहरूसँग एकल तथ्याङ्क सङ्कलनको प्रयासको नतिजा आदान–प्रदान

जिल्ला खाद्य सुरक्षा सञ्जालका सदस्यले तथ्याङ्क सङ्कलन गरे पश्चात त्यसलाई कार्य समूहसँग आदान-प्रदान गर्दछन् । समयको सीमितता अति नै महत्वपूर्ण हुने हुनाले तथ्याङ्कहरू अनुगमन चक्रको अन्तिममा भन्दा कम्तिमा २ हप्ता अगाडि आदान प्रदान गर्नु पर्दछ जसले गर्दा विश्लेषण कार्य समयमा गर्न सकियोस् ।

हरेक संस्थाले तथ्याङ्क सङ्कलनको नतिजा प्रस्तुत गर्न आ–आफ्ना खाद्य सुरक्षा सूचना आदान-प्रदान फारम भर्नु पर्दछ (तालिका ९)।

यो फारममा जानकारी भर्नलाई सजिलो होस् भन्ने उद्देश्यले फारम अत्यधिक लचकताका साथ तयार पारिएको छ । त्यहाँ हरेक सूचना लेख्नको लागि खाकाहरूमा पर्याप्त खाली ठाँउ छ जहाँ जुनै किसिमको सूचना उल्लेख गर्न सकिन्छ र त्यसलाई अङ्क/चित्रमा व्याख्या गरी पुनः व्यवस्थापन गर्न सकिन्छ ।

सम्झनु पर्ने मुख्य कुरा के हो भने जुनै किसिमको जानकारीमा पनि निम्न सूचना आवश्यक हुने हुनाले उल्लेख गर्न भुल्नु हुँदैन ।

- सम्बन्धित गाविसहरू को नाम
- सूचकसँग सम्बन्धित परिमाणात्मक सीमा (threshold level)

## घ. सूचना/तथ्याङ्क रुजु गर्ने प्रक्रिया

जिल्लास्तरीय त्रैमासिक खाद्य सुरक्षा तथ्याङ्क सङ्कलन योजना अनुसार आवश्यक तथ्याङ्क सङ्कलित भएको छ, छैन भनी सुनिश्चित गर्ने जिम्मेवारी कार्य समूहको हो । कार्य समूहको सचिवले जिल्ला खाद्य सुरक्षा सञ्जालको सदस्यहरूले भरेका जानकारी आदान प्रदान गर्ने फारामहरू र तिनको समिक्षा गर्दछन् । केही अस्पष्टताहरू भए स्पष्ट पार्न सम्बन्धित संस्थालाई सोधेर स्पष्ट पार्ने काम गर्दछन् ।

१) कार्य समूहका सदस्यहरूले खाद्य सुरक्षा जानकारी आदान प्रदान फारामलाई सङ्कलन गर्ने ।

२) उनीहरूले त्यस फारमलाई निम्न कुरा निश्चित गर्नको लागि समीक्षा गर्दछन् :
   - सबै सदस्यहरूले जिल्लास्तरीय त्रैमासिक खाद्य सुरक्षा तथ्याङ्क सङ्कलन योजना अनुसार खाद्य सुरक्षाको जानकारी सङ्कलन गरेका छन् वा छैनन् ।
   - खाद्य सुरक्षा चरण वर्गीकरण विश्लेषण कार्यान्वियनको लागि अवरोध पुऱ्याउने गरी त्यहाँ कुनै पनि महत्वपूर्ण तथ्याङ्क छुट भएको त छैन ।
   - तथ्याङ्क सङ्कलनमा गुणस्तरको सम्बन्धमा त्यहाँ कुनै पनि महत्वपूर्ण कमजोरी त छैनन् ।
   - पछि खाद्य सुरक्षा सञ्जालमा सूचना आदान प्रदान गर्नको लागि उचित र स्पष्ट छ वा छैन ।

३) कार्य समूहले जिल्ला खाद्य सुरक्षा सञ्जालका सदस्यहरूसँग सम्पर्क गरेर आवश्यकता अनुसार थप स्पष्टीकरणको लागि अनुरोध गर्दछ ।

एकचोटी स्पष्ट प्रमाणित भएपछि विश्लेषणको कार्य अघि बढाउन सकिन्छ ।

तालिका ९

## खाद्य सुरक्षा जानकारी आदान प्रदान फाराम

खाद्य सुरक्षा जानकारी आदान-प्रदान फारामजानकारी उपलब्ध गराउने कार्यालय/संस्थाको नाम :                मिति :

| | सन्दर्भ सूचकहरु | अनुगमनको बेला हरेक सूचकको सन्दर्भमा के अवस्था छ ? जानकारीहरु उल्लेख गर्नुहोला (कृपया स्पष्ट रुपमा गाविसको नाम, परिमाणात्मक सीमा (Threshold level), तथ्यको स्रोत र विश्वसनीयता, सूचकको उल्लेखित अवस्थामा हुनुका कारण र पूर्वानुमान (आगामी दिनमा अवस्था सुध्रने, अझ बिग्रने वा स्थिर रहने) के हुन्छ? उल्लेख गर्नुहोला । |
|---|---|---|
| **बाली १ उत्पादन र स्थिति** | तराईमा १०-२०% सम्म सामान्यभन्दा कम; पहाड र हिमालमा १०% सम्म सामान्यभन्दा कम | |
| | तराईमा २०-४०% सम्म सामान्यभन्दा कम; पहाड र हिमालमा १०-३०% सम्म सामान्य भन्दा कम | |
| | तराईमा ४०-६०% सम्म सामान्यभन्दा कम; पहाड र हिमालमा ३०-५०% सम्म सामान्यभन्दा कम | |
| | तराईमा-६०-८०% सम्म सामान्यभन्दा कम; पहाड, हिमालमा ५०-७०% सम्म सामान्यभन्दा कम | |
| | तराईमा ८०% भन्दा बढीले सामान्यभन्दा कम; पहाड र हिमालमा ७०% भन्दा बढीले सामान्यभन्दा कम | |
| **बाली २ उत्पादन र स्थिति** | तराईमा १०-२०% सम्म सामान्यभन्दा कम; पहाड र हिमालमा १०% सम्म सामान्यभन्दा कम | |
| | तराईमा २०-४०% सम्म सामान्यभन्दा कम; पहाड र हिमालमा १०-३०% सम्म सामान्यभन्दा कम | |
| | तराईमा ४०-६०% सम्म सामान्यभन्दा कम; पहाड र हिमालमा ३०-५०% सम्म सामान्य भन्दा कम | |
| | तराईमा ६०-८०% सम्म सामान्यभन्दा कम; पहाड र हिमालमा ५०-७०% सम्म सामान्यभन्दा कम | |
| | तराईमा ८०% भन्दा बढीले सामान्यभन्दा कम; पहाड र हिमालम ७०% भन्दा बढीले सामान्यभन्दा कम | |
| **घरधुरीहरुमा खाद्य सञ्चयको अवस्था** | ५०% भन्दा बढी घरधुरीहरुमा ३ महिना भन्दा बढिको खाद्यवस्तुको सञ्चय | |
| | तराईमा ५०% भन्दा बढी घरहरुमा १-३ महिनासम्मको खाद्यवस्तुको सञ्चय; पहाड, हिमालमा ५०% भन्दा बढी घरहरुमा २-३ महिनाको खाद्यवस्तुको सञ्चय) | |
| | तराईमा ३०% भन्दा बढी घरहरुमा १ महिना भन्दा कम खाद्यवस्तुको सञ्चय; पहाड र हिमालमा ३०% भन्दा बढी घरह घरहरुमा १-२ महिनाको खाद्यवस्तुको सञ्चय) | |
| | तराईमा ३०-५०% घरहरुमा खाद्य सञ्चय सकिएको; पहाड र हिमालमा ३०-५०% घरहरुमा १ महिनाभन्दा कमको खाद्य सञ्चय) | |
| | ५०% भन्दा बढी घरहरुमा खाद्य सञ्चय सकिएको | |
| **प्रमुख बजारमा मुख्य खाद्यान्नको सञ्चय** | सञ्चय सामान्य रहेको (सञ्चय राम्रो अवस्थामा र आपूर्ति मागलाई पूरा गर्न पर्याप्त) | |
| | सञ्चय घटदै गएको तर पनि आपूर्तिले मागलाई पूरा गर्न पर्याप्त | |
| | सञ्चय निकै कम, आंशिकरुपमा मात्र मागलाई पूरा गर्न सकेको | |
| | सञ्चय नरहेको | |
| | सञ्चय नरहेको, बजार सञ्चालनमा नरहेको | |

| | सन्दर्भ सूचकहरु | अनुगमनको बेला हरेक सूचकको सन्दर्भमा के अवस्था छ ? जानकारीहरु उल्लेख गर्नुहोला (कृपया स्पष्ट रूपमा गाविसको नाम, परिमाणात्मक सीमा (Threshold level), तथ्यको स्रोत र विश्वसनीयता, सूचकको उल्लेखित अवस्थामा हुनुका कारण र पूर्वानुमान (आगामी दिनमा अवस्था सुध्रने, अझ बिग्रने वा स्थिर रहने) के हुन्छ? उल्लेख गर्नुहोला । |
|---|---|---|
| **जिल्लाभित्र ज्यालादारी रोजगारीका अवसरहरु** | सामान्य स्थितिमा रहेको | |
| | सामान्य स्थितिकोभन्दा १०-३०% ले कम भएको | |
| | सामान्य स्थितिकोभन्दा ३०-५०% ले कम भएको | |
| | अवसरहरु ५०% भन्दा बढीले अवसर घटेको वा अवसर नरहेको | |
| | अवसर नरहेको | |
| **गैर काष्ठ वन पैदावार, नगदे बाली र अन्य कृषिजन्य उत्पादनको बिक्री** | सामान्य स्थितिको आम्दानी रहेको | |
| | सामान्य स्थितिकोभन्दा ३०% ले आम्दानी कम भएको | |
| | सामान्य स्थितिकोभन्दा ३०-६०% ले आम्दानी कम भएको | |
| | ६०% भन्दा बढीले ले आम्दानी कम भएको | |
| | बेचबिखन छैन | |
| **चामलको बजार भाउ** | घटेको, स्थिर वा सामान्यभन्दा १०% सम्म वृद्धि | |
| | सामान्य बजारभाउभन्दा १०-२०% ले वृद्धि भएको | |
| | सामान्य बजारभाउभन्दा २०-४०% ले वृद्धि भएको | |
| | सामान्य बजारभाउभन्दा ४०-८०% ले वृद्धि भएको | |
| | सामान्य बजारभाउभन्दा ८०-१००% ले वृद्धि भएको | |
| **प्राकृतिक प्रकोप** | प्राकृतिक प्रकोपको घटना नभएको वा घटना भएको अवस्थामा पनि २०% भन्दा कम सञ्चित खाद्यवस्तु वा चलअचल सम्पत्तिको क्षति भएको | |
| | प्राकृतिक प्रकोपको घटनाले २०-३०% सम्म सञ्चित खाद्यवस्तु वा चलअचल सम्पत्तिको क्षति भएको | |
| | प्राकृतिक प्रकोपको घटनाले ३०-५०% सम्म सञ्चित खाद्यान्न, चलअचल सम्पत्तिको क्षति र जनधनको क्षति | |
| | प्राकृतिक प्रकोपको घटनाले ५०% भन्दा बढी सम्म सञ्चित खाद्यान्न, चलअचल सम्पत्तिको क्षति र जनधनको क्षति | |
| | वृहत्स्तरको प्राकृतिक प्रकोप (भूकम्प,बाढीपहिरो) ले पूर्णरूपले भौतिक संरचना तथा जग्गाजमिनमा क्षति पुऱ्याएको वा मानवीय क्षति हुनाको साथै व्यापक मानवीय विस्थापन गराएको | |
| **बसाइ-सराइ** | पारम्पारिक मौसमी बसाइ-सराइ १०% ले वृद्धि | |
| | पारम्पारिक मौसमी बसाइ-सराइ १०-२०% ले वृद्धि | |
| | पारम्पारिक मौसमी बसाइ-सराइ २०-४०% ले वृद्धि | |
| | पारम्पारिक मौसमी बसाइ-सराइ ४०% भन्दा बढीले वृद्धि | |
| | बृहत्स्तरको बसाइ-सराइ | |

| | सन्दर्भ सूचकहरु | अनुगमनको बेला हरेक सूचकको सन्दर्भमा के अवस्था छ ? जानकारीहरु उल्लेख गर्नुहोला (कृपया स्पष्ट रुपमा गाविसको नाम, परिमाणात्मक सीमा (Threshold level), तथ्यको स्रोत र विश्वसनीयता, सूचकको उल्लेखित अवस्थामा हुनुका कारण र पूर्वानुमान (आगामी दिनमा अवस्था सुध्रने, अझ बिग्रने वा स्थिर रहने) के हुन्छ? उल्लेख गर्नुहोला । |
|---|---|---|
| **निर्वाह पद्धति** | जीविकोपार्जनको पारम्परिक निर्वाहपद्धती (बसाइ-सराइ, ज्यालादारी, गैरकाष्ठ वन पैदावारको बिक्री, कन्दमूलको उपभोग) | |
| | दैनिक आहारव्यवहारमा परिवर्तन (खानाको परिमाणमा कमी, मनपरेको खाना कम मात्रामा)स खाद्यान्न तथा पैसा सापट, पैंचो, चलअचल सम्पत्तिको बेचबिखन) | |
| | भविष्यमा परिपूर्ति नहुने किसिमको निर्वाह पद्धतिको सुरूवात (चौपाया, बीज–बिजन, घरजग्गा बेचबिखन, खानाको छाक बिराउने) | |
| | भविष्यमा परिपूर्ति नहुने निर्वाह पद्धतिको चरम अवस्था (अत्यधिक मात्रामा चौपाया बेचबिखन, लुटपाट, झगडा, कन्दमूलमा मात्र आश्रित) | |
| | निर्वाह पद्धतिमा पूर्णरुपले ह्रास आई भोकमरीको अवस्था सिर्जना भएको | |
| **बालबालिका हरुमा (५ वर्ष मुनिका) कुपोषणको अवस्था (दुब्लाएका)** | x | |
| | x | |
| | १०-१५% रहेको | |
| | १५% भन्दा बढी रहेको | |
| | ३०% भन्दा बढी रहेको | |
| **रोग ब्याधि** | रोगव्याधि उल्लेख्य रुपमा नरहेको | |
| | पर्याप्त रोगव्याधि, नियन्त्रणमा रहेको | |
| | संक्रमणको प्रकोप बढ्दो अवस्था | |
| | महामारी फैलिएको | |
| | महामारी फैलिएको | |
| **नागरिक सुरक्षा** | सामान्य शान्तिपूर्ण स्थिति रहेको । | |
| | सुरक्षाको स्थिति बिग्रदो अवस्थामा (बन्द र चक्का जाम निरन्तर ७ देखि १५ दिन प्रति ३ महिनामा) | |
| | आवतजावत बन्द (बन्द र चक्का जाम निरन्तर १५ देखि ३० दिन प्रति ३ महिनामा) | |
| | आवतजावत बन्द (बन्द र चक्का जाम निरन्तर ३० दिन भन्दा बढि प्रति ३ महिनामा) | |
| | द्वन्द्वको चरम स्थिति तथा मानवीय विस्थापनको अवस्था । | |

# २.२ विश्लेषणात्मक औजारहरू प्रयोग गरी तथ्यमा आधारित खाद्य सुरक्षा विश्लेषण

## क. विश्लेषण आयोजन गर्ने पद्धतिहरू : सहभागितात्मक वा कार्य समूहमा आधारित

स्थानीय परिवेशमा र जिल्ला खाद्य सुरक्षा सञ्जालको सञ्चालनमा निर्भर भई खाद्य सुरक्षा विश्लेषण क) जिल्ला खाद्य सुरक्षा सञ्जालको सम्पूर्ण सदस्य उपस्थित नियमित भेलाको अवसरमा विश्लेषण गर्ने वा ख) कार्य समूहद्वारा पहिला खाद्य सुरक्षा विश्लेषण गरी जिल्ला खाद्य सुरक्षा सञ्जालका सदस्यहरू सामु सहमति र स्वीकृतिको लागि नतिजाहरू प्रस्तुत गर्ने प्रक्रिया अपनाउन सकिन्छ ।

### चरण १ तथ्याङ्क संयोजन

पहिलो चरण भनेको आगामी विश्लेषणको लागि खाद्य सुरक्षाको जानकारी संयोजन गर्नु हो । खाद्य सुरक्षाका जानकारी आदान प्रदान फारमहरू यो अभ्यासको लागि आधारको रूपमा प्रयोग गर्नु पर्दछ । बैठकमा सहभागीको बसाइ एक गोलमेचको रूपमा गरिएको हुन्छ । कार्य समूहको एक जना सदस्य सहजकर्ताको रूपमा नियुक्त गरिएको हुन्छ भने अर्को एकजना बैठकको सचिव भई (भनिएको कुराहरूलाई छोटकरीमा टिप्दै) टिपोट लिई काम गर्नेछन् ।

१) जिल्ला खाद्य सुरक्षा सञ्जालका हरेक सदस्यले आफूले पहिले पूरा गरेको खाद्य सुरक्षा जानकारी आदान प्रदान फारममा आधारित तथ्याङ्क सङ्कलन कार्यको नतिजाहरूलाई मौखिकरूपमा प्रस्तुत गर्दछन् । उदाहरण – जिल्ला कृषि विकास अधिकृतले भन्नुहुन्छ कि यी गाविसहरूमा अन्न उत्पादन करिब २५% कम भएको छ ।


२) सहजकर्ताले हरेक जानकारीको लागि गाविस लेखी, तथ्याङ्कको परिमाण र कुनै अरू सम्बद्ध (विश्वासनीयताको स्तर, व्याख्यात्मक भनाइहरू) को लागि मेटा कार्डमा उल्लेख गर्दछन् । मेटा कार्डको रङ्ग (हरियो, पहेंलो, सुन्तला, रातो, खैरो) सूचकले अङ्कित गरेको परिमाणात्मक सीमाका आधार मा निर्धारण गरिन्छ । उदाहरणको लागि, हाम्रो अवस्थामा (अन्न उत्पादन करिब २५% कम भएको छ ।) पहेंलो । त्यसपछि सहजकर्ताले मेटा कार्डलाई एउटा ठूलो फ्लेक्स बोर्डमा टाँस्दछन् जुनचाहिं (४' x ५') यसै (खाद्य सुरक्षा जानकारी आदान प्रदान बोर्ड) उद्देश्यको लागि बनाईएको हुन्छ । सहजकर्ताले मेटा कार्डलाई सान्दर्भिक सूचकको लाइनमा टाँस्नु पर्दछ । यो बोर्ड खाद्य सुरक्षा जानकारी आदान प्रदान फाराम जस्तै भएकोले जानकारी सङ्कलन काम गर्न सजिलो बनाउँदछ ।

३) जब हरेक सहभागीले उनको आफ्नो तथ्याङ्क प्रस्तुत गरी सक्दछन्, तब बोर्ड पूर्ण हुन्छ र सबैले अवलोकन गर्ने अवसर पाउँछन् । यसले अनुगमन चक्रको समयमा सङ्कलन गरिएका मस्यौदा तथ्याङ्कको समग्र अवस्था देखाउँछ र यी तथ्याङ्क विभिन्न सूचकहरूको सम्बन्धित पङ्क्तिमा राखिएको हुन्छ ।

चित्र ४

## जिल्ला खाद्य सुरक्षा जानकारी आदान प्रदान बोर्डमा जानकारी संयोजन





## चरण २ गाविसलाई खाद्य सुरक्षा चरणमा वर्गीकरण

दोस्रो छलफल खाद्य सुरक्षाको चरण वर्गीकरणको बारेमा हुन्छ । सम्पूर्ण सहभागीहरूले खाद्य सुरक्षा जानकारी आदान प्रदान बोर्डलाई देख्न सक्ने ठाउँमा राख्नु आवश्यक छ ।

१) दोस्रो फ्लेक्स बोर्ड (४' x ५') प्रयोग गर्ने जुनचाहिं जिल्लाको एउटा ठूलो आकारको खाद्य सुरक्षा चरण वर्गीकरण नक्सा हो । त्यसपछि सहजकर्ताले जानकारी सहितका मेटा कार्डहरू सम्बन्धित गाविसहरूमा टाँसी पुनः व्यवस्थित गर्दछन् ।
२) यी सम्पूर्ण काम सकेपछि सहभागीहरूले सङ्कलित सूचकको तथ्याङ्कको आधारमा उनीहरूलाई प्रत्यक्ष निर्णय गर्न लगाई प्रत्येक गाविसको समग्र खाद्य सुरक्षा चरण निर्धारण गर्दछन् र सहजकर्ताले बोर्ड मार्करको प्रयोग गरी हरेक गाविसलाई प्रदान गरिएको खाद्य सुरक्षा चरण (१, २, ३, ४ वा ५) लेख्दछन् ।
३) चरण निर्धारणबारे सबै सहभागी छलफल गर्छन् । सहभागीहरूले अन्तिम सहमति समानरूपले स्वीकार गरेपछि चरण निर्धारण प्रक्रिया सम्पन्न हुन्छ ।

## चरण ३ समूहीकरण र खाद्य सुरक्षा विश्लेषण

तेस्रो छलफल खाद्य सुरक्षा विश्लेषणको बारेमा हुन्छ । सम्पूर्ण सहभागीहरूले खाद्य सुरक्षा जानकारी सङ्कलन बोर्ड तथा खाद्य सुरक्षाको चरण वर्गीकरण नक्सा सबैलै देख्न सक्ने ठाउँमा राख्नु आवश्यक छ ।


१) गाविसहरू निश्चित चरणमा हुनुका कारणहरू र जिल्लाको विभिन्न गाविसहरूको पूर्वानुमान बारेमा छलफल गरिन्छ । सहजकर्ताले छलफलबाट प्राप्त नतिजाहरूलाई न्यूज प्रिन्ट वा बोर्डमा लेख्दछन् ।
२) जब विभिन्न गाविसहरूको चरण वर्गीकरण, कारणहरू र पूर्वानुमानको बारेमा एउटै किसिमको साझा सहमति हुन्छ तब समान कारण र पूर्वानुमान भएका गाविसहरूलाई एउटै समूहमा सामेल गर्नु पर्दछ ।
३) सहजकर्ताले जिल्लाको खाद्य सुरक्षा चरण वर्गीकरण नक्सामा गाविसको समूहहरूलाई बोर्डमार्करको सहायताले निश्चित सङ्केत प्रयोग गरी उल्लेख गर्दछन् ।

## चरण ४ प्रमाण निर्माणको लागि विश्लेषणात्मक औजारहरूको प्रयोग

कार्य समूहले खाद्य सुरक्षाको विश्लेषणबारे तथ्य र प्रमाण संयोजन गर्न जानकारी भरिएको बोर्ड, विभिन्न छलफलहरूमा लिइएको टिपोट र खाद्य सुरक्षा सूचना आदान प्रदान फारमको साथसाथै यसै पुस्तिकाको आगामी पाठमा व्याख्या गरिएको विश्लेषणात्मक औजारहरू (analytical tools) प्रयोग गर्दछन् ।

चित्र ७

## जिल्ला खाद्य सुरक्षा अनुगमन सहकार्यको ढाँचा



## ख. खाद्य सुरक्षा अनुगमनमा प्रमाण र तथ्य सम्पादन गर्न विश्लेषणात्मक औजारहरूको प्रयोग

जिल्लास्तरीय खाद्य सुरक्षा अनुगमनमा मुख्य ४ औजारहरू प्रयोग गरिन्छ ।

यहाँ :
१) खाद्य सुरक्षा सन्दर्भ तालिका
२) खाद्य सुरक्षा विश्लेषण तालिका
३) खाद्य सुरक्षा संश्लेषण तालिका
४) खाद्य सुरक्षा चरण वर्गीकरण नक्सा

**खाद्य सुरक्षा सन्दर्भ तालिका** यस्तो दस्तावेज हो जुन सबै विश्लेषण प्रक्रियाको हरेक तहहरूमा प्रयोग गर्नु पर्दछ । यसले प्रयोगकर्ताहरूलाई सूचकहरू, परिमाणात्मक सीमा र खाद्य सुरक्षा चरणहरूको बारेमा र यी एक आपसमा कसरी सम्बन्धित छन् भन्ने बारेमा संश्लेषण सहितको जानकारी उपलब्ध गराउँछ । यी परिमाणात्मक सीमाहरूलाई आधार मान्दै प्रयोगकर्ताले विश्लेषणका प्रमाणहरू बनाउँदछ जसले न्यूनतम वैज्ञानिक स्तरीयतालाई पूरा गर्दछ ।

**खाद्य सुरक्षा विश्लेषण तालिका** यस्तो मुख्य औजार हो जसले खाद्य सुरक्षा विश्लेषणलाई युक्तिसङ्गत बनाउँदछ । प्रयोगकर्ताले चरणवद्ध रूपमा तालिकाका विभिन्न पक्षमा वैज्ञानिक र तथ्यमा आधारित कारणहरूमा उल्लेख गर्दै जानेछ । अन्तमा प्रमाणहरूको संयोजनले प्रयोगकर्तालाई प्रत्येक गाविसको खाद्य सुरक्षाको चरण वर्गीकरण कार्य गर्न मद्दत गर्दछ । गाविसहरूको निश्चित अवस्था हुनुको कारणहरूको पहिचान गरेपछि समान पूर्वानुमान र समान कारण भएका गाविसहरूको समूहहरूको निमार्ण गर्नेछ ।

**खाद्य सुरक्षा संश्लेषण तालिका** त्यस्तो सञ्चारको साधन हो जसले निश्चित गाविसहरूको समूहको खाद्य सुरक्षाको अवस्थालाई प्रस्तुत गर्दछ । यसले विश्लेषण पद्धतिलाई पनि अभिलेख गरी चरण वर्गीकरणको पारदर्शिताबारे सुनिश्चितता प्रदान गर्दछ ।

**खाद्य सुरक्षा चरण वर्गीकरणको नक्साले** सर्वसुलभ तरिकाले खाद्य सुरक्षा स्थितिबारेका सूचनालाई दृश्य सामग्रीको रूपमा अन्य सरोकारवाला समक्ष प्रस्तुत गर्दछ ।

## ग. खाद्य सुरक्षा सन्दर्भ तालिकालाई निर्देशिकाको रूपमा प्रयोग गर्ने

सन्दर्भ तालिकाले खाद्य सुरक्षा विश्लेषणको लागि एक खाका प्रस्तुत गर्दछ । यसको नामले बताए झैं यो शुद्ध रूपमा सन्दर्भको लागि हो भन्ने बुझिन्छ । यसले प्रयोगकर्ताहरूलाई खाद्य असुरक्षाका विभिन्न चरणहरू तथा यिनीहरूको मुख्य सूचकहरू र परिमाणात्मक सीमासँगको सम्बन्धलाई प्रष्ट रूपमा जानकारी प्रदान गर्दछ ।

सन्दर्भ तालिकामा मुख्य ३ भागमा रहेको हुन्छ :

- **खाद्य सुरक्षा चरण** : ठाडो महलमा, ५ वटा खाद्य सुरक्षा चरणहरूलाई खास रङ्गको सङ्केतबाट महलको रूपमा प्रस्तुत गरिएको छ ।
- **सन्दर्भ सूचकहरू** : तेर्सो पङ्क्तिमा १२ वटा सन्दर्भ सूचकहरूलाई पङ्क्तिबद्ध रूपमा सूचिगत गराइएको हुन्छ (प्रत्येकको विस्तृत व्याख्या आगामी पृष्ठमा दिइएको छ) ।
- **परिमाणात्मक सीमा** : तालिकाको प्रत्येक कोठामा परिमाणात्मक सीमा दिइएको छ जसले दिइएको सूचकलाई (तेर्सो) परिमाणात्मक सीमाद्वारा खाद्य सुरक्षा निश्चित चरण बुझाउँछ ।

यो खाद्य सुरक्षा विश्लेषण प्रक्रियाको सबै चरणमा प्रयोग गरिएको हुनुपर्दछ जसले गर्दा चरण वर्गीकरण वैज्ञानिक आधार (के यो खास सूचकको लागि परिमाणात्मक सीमा मेल खाएको छ वा छैन ?) बाट पूरा गरिएको होस् न कि सामान्य अड्कलबाजी र राजनैतिक चाहना वा स्थानीय दवाब समूहको बलबाट होइन ।

## १२ सूचकहरू र परिमाणात्मक सीमाको प्रस्तुति

हरेक खाद्य सुरक्षा चरणहरू सन्दर्भ सूचकहरू र पूर्व निर्धारित परिमाणात्मक सीमाहरूसँग सम्बन्धित हुन्छ जसले चरणहरू छुट्ट्याउन र चरण वर्गीकरणलाई प्राविधिक तथा वस्तुगत प्रमाणमा आधारित भई चरणहरू छुट्ट्याउने माध्यम प्रदान गर्दछ ।

केही सूचकहरूले खाद्य असुरक्षा तर्फ लैजाने कारक तत्वको गतिशिलताबारे व्याख्या गर्दछन (प्रक्रियागत सूचक जस्तै बाली उत्पादन, बजार भाउ आदि) र अन्यले खाद्य असुरक्षाको सम्भाव्य प्रभावहरूबारे व्याख्या गर्दछन (जस्तै चर्को बाल कुपोषण, रोगव्याधि आदि) ।

### *खाद्य उपलब्धता*

कुनै व्यक्तिको उनीहरूको आफ्नै उत्पादनबाट वा बजारबाट होस् वा खाद्य अनुदानबाट होस् पर्याप्त मात्रामा मुख्य खाद्यान्नमा पहुँच हुन्छ भने तब खाद्य उपलब्धता भएको मानिन्छ । यो अवस्था पूरा गर्नको लागि जिल्लामा पर्याप्त खाद्यान्न आपूर्ति हुन आवश्यक छ र जव स्थानीय उत्पादन अपर्याप्त हुन्छ तब निर्यातबाट भएको परिपूर्ति पनि समावेश हुन्छ । उपलब्धता विभिन्न सूचकहरूको मापनबाट अनुगमन गर्न सकिन्छ ।

### *१. बाली उत्पादन/अवस्था*

**परिचय/महत्व**

यस सूचकले गएको ५ वर्षको औसत आधार रेखासँग तुलना गरी बाली उत्पादनको स्तरमा आएको परिवर्तन मापन गर्दछ । यो भिन्नता औसत आधार रेखासँग सकारात्मक वा नकारात्मक प्रतिशत रूपमा प्रस्तुत गरिन्छ ।

**मापन गर्ने विधि र सूचनाको सम्भाव्य स्रोतहरू**

यो तथ्याङ्कको अति प्रचलित स्रोत भनेको जिल्ला कृषि विकास कार्यालयको बाली कटानी अनुमान हो । अर्को सम्भावित स्रोत भनेको कृषकको अनुभव र अनुमानमा निर्भर हुनु हो । अन्तत : अन्य सूचनाको स्रोतहरूलाई जाँच गर्न प्रत्यक्ष अवलोकन पनि गर्न सकिन्छ ।

### उदाहरण

गएको ३ महिनामा यस गाविसको बाली उत्पादन सामान्य भन्दा २५ प्रतिशतले कम रह्यो ।

उत्तरः बाली उत्पादनको स्थिति र परिमाणात्मक सीमालाई मध्यनजर गर्दा यो सूचक दोस्रो चरण अर्थात मध्यमस्तरीय खाद्य असुरक्षित अवस्थामा पर्दछ ।

| सन्दर्भ सूचकहरु | | | पहिलो चरण<br>सामान्यतया खाद्य सुरक्षित अवस्था | दोस्रो चरण<br>मध्यमस्तरीय खाद्य असुरक्षित अवस्था | तेस्रो चरण<br>उच्चतम खाद्य असुरक्षित अवस्था (जीविकोपार्जनका स्रोत सम्पतिहरु बेचबिखन गर्नुपर्ने अवस्थाको शुरुवात) | चौथो चरण<br>गम्भीर खाद्य असुरक्षित अवस्था (खाद्य तथा जीविकोपार्जनमा गम्भीर सङ्कटको अवस्था) | पाँचौ चरण<br>मानवीय आपत्कालीन/ भोकमरीको अवस्था | अवलोकन |
|---|---|---|---|---|---|---|---|---|
| खाद्य उपलब्धता | १ | अन्न बाली उत्पादन/ अवस्था | त. १०-२०% सम्म सामान्य भन्दा कम* प+हि. १०% सम्म सामान्य भन्दा कम । | त. २०-४०% सम्म सामान्य भन्दा कम* प+हि. १०-३०% सम्म सामान्य भन्दा कम । | त. ४०-६०% सम्म सामान्य भन्दा कम* प+हि. = ३०-५०% सम्म सामान्य भन्दा कम । | त. ६०-८०% सम्म सामान्य भन्दा कम* प+हि. = ५०-७०% सम्म सामान्य भन्दा कम । | त. >८०% सामान्य भन्दा कम प+हि. = >७०% सामान्य भन्दा कम । | सामान्यतया उत्पादन जिल्ला स्तरमा ५ वर्षको औसत उत्पादनमा आधारित (प-पहाड, हि-हिमाल, त-तराई) |

## २. घरधुरीहरुमा खाद्य सञ्चयको अवस्था

**परिचय/महत्व**

यो सूचकले कति प्रतिशत घरधुरीमा खाद्य सञ्चय छ र सो सञ्चयले पुग्ने अनुमानित सम्भाव्य अवधि कति हो भन्ने पनि सूचित गर्दछ । निजी खाद्य सञ्चय अन्तर्गत खरिद गरिएको साथै आफैले उब्जाएको दुवै किसिमका खाद्यान्न पर्दछन् ।

**मापन गर्ने विधि र संरचनाको सम्भाव्य स्रोतहरू**

जानीफकारहरूसँगको अन्तरवार्ता मार्फत, घरधुरीहरूसँगको प्रत्यक्ष वार्तालापद्वारा वा लक्षित समूह छलफल बाट यसलाई मापन गर्न सकिन्छ । अनुगमनकर्ताले घरधुरीका सदस्यहरूलाई उनीहरूको हालको खाद्य सञ्चयले कति महिनासम्म धान्न सक्दछ भनि प्रश्न गर्दछन् । नतिजा भरपर्दो बनाउनको लागि पर्याप्त संख्यामा घरधुरीहरूलाई समावेश गर्नु पर्दछ । गैर सरकारी संस्थाहरू/समुदायमा काम गर्ने संस्थाहरू यस्ता सूचनाहरू सङ्कलन गर्ने सम्भाव्य संस्थाहरू हुन् ।

**सुझाव ४**

खाद्य उपलब्धता मूल्याङ्कन गर्दा खाद्यान्न राहत लगायत अन्य गुजाराका स्रोतहरूलाई पनि ध्यान दिनु पर्दछ । कहिले काहिँ यसले पनि खाद्य असुरक्षित जिल्लाहरूमा महत्वपूर्ण भूमिका खेल्दछ ।

यस गाविस का ५० प्रतिशत घरधुरीमा २ महिनाको लागि खाद्य भण्डारण छ ।

उत्तरः घरधुरीहरूमा खाद्य सञ्चयको अवस्थाको स्थिति र परिमाणात्मक सीमालाई मध्यनजर गर्दा यो सूचक दोस्रो चरण अर्थात मध्यमस्तरीय खाद्य असुरक्षित अवस्थामा पर्दछ ।

| सन्दर्भ सूचकहरू | | | पहिलो चरण सामान्यतया खाद्य सुरक्षित अवस्था | दोस्रो चरण मध्यमस्तरीय खाद्य असुरक्षित अवस्था | तेस्रो चरण उच्चतम खाद्य असुरक्षित अवस्था (जीविकोपार्जनका स्रोत सम्पतिहरू बेचबिखन गर्नुपर्ने अवस्थाको शुरूवात) | चौथो चरण गम्भीर खाद्य असुरक्षित अवस्था (खाद्य तथा जीविकोपार्जनमा गम्भीर सङ्कटको अवस्था) | पाँचौ चरण मानवीय आपत्कालीन/भोकमरीको अवस्था | अवलोकन |
|---|---|---|---|---|---|---|---|---|
| खाद्य उपलब्धता | २ | घरधुरीहरूमा खाद्य सञ्चयको अवस्था | >५०% घरधुरीमा ३ महिनाभन्दा बढी समयको लागि खाद्यवस्तुको सञ्चय । | त. >५०% घरधुरीमा १-३ महिनासम्मको लागि खाद्यवस्तुको सञ्चय प+हि. >५०% घरधुरीमा २-३ महिनासम्मको लागि खाद्यवस्तुको सञ्चय । | त. >३०% घरधुरीमा ? १ महिनाको लागि खाद्यवस्तुको सञ्चय प+हि. >३०% घरधुरीमा १-२ महिनाको लागि खाद्यवस्तुको सञ्चय । | त. ३०-५०% घरधुरीमा खाद्यवस्तुको सञ्चय सकिएको प+हि. ३०-५०% घरधुरीमा ? १ महिनाको लागि मात्र खाद्यान्न सञ्चय भएको । | >५०% घरधुरीमा खाद्यान्न सञ्चय सकिएको । | |

## ३. प्रमुख बजारमा मुख्य खाद्यान्नको सञ्चय

**परिचय/महत्व**

जिल्लाको प्रमुख बजारहरूको मुख्य खाद्यान्नको सञ्चिति कस्तो छ र सोबाट निश्चित गाविसको माग अनुरूप आपूर्ति कुन हदसम्म पूरा गर्न सक्दछ सोबारे जानकारी प्रदान गर्दछ ।

**मापन गर्ने विधि र सूचनाको सम्भाव्य स्रोतहरू**

यसको मापन केही प्रमुख बजारहरूको भ्रमण गरी प्रत्यक्ष अवलोकन गरि गर्न सकिन्छ । खुद्रा बिक्रेता र नेपाल खाद्य संस्थानसँग पनि अन्तरवार्ता लिन सकिन्छ ।

सुझाव ६

मुख्य खाद्यन्न एकदेखि अर्को भेगमा र एकदेखि अर्को मानिसहरूमा उनीहरूको स्थानीय सांस्कृतिक आयाम र मौसमको आधारमा फरक फरक हुन सक्छ । तपाईंको जिल्लाको खाद्यान्न उपभोग नमूनालाई सही रूपमा मूल्याङ्कन गर्नु अत्यन्त जरूरी छ ।

## उदाहरण

यी गाविसहरूको प्रमुख बजारहरूसँग खाद्य सञ्चिति निकै कम छ । आंशिकरूपमा मागलाई पूरा गर्न सक्छ ।

उत्तरः प्रमुख बजारमा मुख्य खाद्यान्नको सञ्चय स्थिति र परिमाणात्मक सीमालाई मध्यनजर गर्दा यो सूचक तेस्रो चरणमा अर्थात उच्चतम खाद्य असुरक्षित अवस्थामा पर्दछ ।

| सन्दर्भ सूचकहरु | | | पहिलो चरण<br>सामान्यतया खाद्य सुरक्षित अवस्था | दोस्रो चरण<br>मध्यमस्तरीय खाद्य असुरक्षित अवस्था | तेस्रो चरण<br>उच्चतम खाद्य असुरक्षित अवस्था (जीविकोपार्जनका स्रोत सम्पतिहरु बेचबिखन गर्नुपर्ने अवस्थाको शुरुवात) | चौथो चरण<br>गम्भीर खाद्य असुरक्षित अवस्था (खाद्य तथा जीविकोपार्जनमा गम्भीर सङ्कटको अवस्था) | पाँचौ चरण<br>मानवीय आपत्कालीन/ भोकमरीको अवस्था | अवलोकन |
|---|---|---|---|---|---|---|---|---|
| खाद्य उपलब्धता | ३ | प्रमूख बजारमा मुख्य खाद्यान्नको सञ्चय | सञ्चय सामान्य रहेको (सञ्चय राम्रो अवस्थामा र आपूर्ति मागलाई पूरा गर्न पर्याप्त) | सञ्चय घटदै गएको तर पनि आपूर्तिले मागलाई पूरा गर्न पर्याप्त | सञ्चय निकै कम, आंशिकरूपमा मात्र मागलाई पूरा गर्न सकेको | सञ्चय नरहेको | सञ्चय नरहेको, बजार सञ्चालनमा नरहेको | चरण २ र ३ मा घटेको % को परिमाण पनि उल्लेख गर्न सम्भव छ (जस्तै ४०% सम्म कम वा ४०% भन्दा बढिले कम) |

सुझाव ६

## वैकल्पिक वा सहायक (Proxy) सूचकहरूको प्रयोग

तपाईंले खाद्य उपलब्धता मापन गर्न तपाईंको जिल्लाहरूको मुख्य खाद्य वस्तुको आयात/निर्यातलाई पनि वैकल्पिक वा सहायक सूचकको रूपमा प्रयोग गर्न सक्नुहुन्छ । यो तपाईंसँग भएको सूचनालाई जाँच गर्न पनि उपयोगी हुन सक्छ ।

**खाद्यमा पहुँच**

खाद्यमा पहुँचले मानिसको आफ्नो उत्पादन सञ्चय, खरिद, साटासाट, कोसेली वा खाद्य अनुदानद्वारा नियमित रूपमा उपयूक्त पोषणको लागि नियमित रूपमा खाद्यान्न प्राप्त गर्न सक्ने क्षमतालाई दर्शाउँछ । विभिन्न सूचकहरूको प्रयोगद्वारा खाद्यमा पहुँचको अनुगमन गर्न सकिन्छ ।

### ४. जिल्लाभित्र ज्यालादारी रोजगारीको अवसर

**परिचय/महत्व**

यो सूचकले जिल्लाभित्र उपलब्ध ज्यालादारी रोजगारीको अवसरको बारेमा सूचना दिन्छ । यसले सामान्य अवस्थाको तुलनामा रोजगारीका अवसरको प्रतिशतमा कमी भए नभएको मापन गर्दछ । सामान्य अवस्था स्थानीय मानिसहरूको धारणा अनुरूप कायम गरिन्छ । अन्य जिल्लाको छिमेकी गाविसहरूलाई पनि यस सूचक अर्न्तगत राख्न सकिन्छ । रोजगारीका अवसर जति राम्रो भयो घरधुरीको पर्याप्त खाद्यान्न माथिको पहुँच पनि त्यति नैं बढी हुन्छ ।

**मापन गर्ने विधि र सूचनाको सम्भाव्य स्रोतहरू**

यसलाई मानिसहरूसँगको प्रत्यक्ष वार्तालाप (जानीफकारहरूसँगको अन्तरवार्ता, लक्षित समूह छलफल) वा पूर्वाधार निर्माण कार्यको अवसर (सडक, सार्वजनिक भवन जस्ता पूर्वाधार निर्माण कार्य), कृषि ज्यालादारी काम, कलकारखानामा मजदूरीबाट अनुमान गर्न सकिन्छ । गैर सरकारी संस्थाका परियोजनामार्फत प्राप्त सहयोगी तथ्याङ्कको समीक्षा (गैर सरकारी संस्था प्रतिवेदन, पत्रपत्रिका लेख आदि) ।

*उदाहरण*

सामान्य अवस्थाको तुलनामा जिल्लामा ज्यालादारी रोजगारीका अवसर ४०% ले कमी आएको छ ।

उत्तरः जिल्ला भित्र ज्यालादारी रोजगारीको अवसरको स्थिति र परिमाणात्मक सीमालाई मध्यनजर गर्दा यो सूचक तेस्रो चरण अर्थात उच्चतम खाद्य असुरक्षित अवस्थामा पर्दछ ।

| | | | पहिलो चरण | दोस्रो चरण | तेस्रो चरण | चौथो चरण | पाँचौ चरण | |
|---|---|---|---|---|---|---|---|---|
| सन्दर्भ सूचकहरु | | | सामान्यतया खाद्य सुरक्षित अवस्था | मध्यमस्तरीय खाद्य असुरक्षित अवस्था | उच्चतम खाद्य असुरक्षित अवस्था (जीविकोपार्जनका स्रोत सम्पतिहरु बेचबिखन गर्नुपर्ने अवस्थाको शुरूवात) | गम्भीर खाद्य असुरक्षित अवस्था (खाद्य तथा जीविकोपार्जनमा गम्भीर सङ्कटको अवस्था) | मानवीय आपत्कालीन/भोकमरीको अवस्था | अवलोकन |
| खाद्य उपलब्धता | ४ | जिल्ला भित्र ज्यालादारी रोजगारीको अवसर | सामान्य स्थितिमा रहेको | सामान्य स्थितिको भन्दा १०-३०% ले कम भएको | सामान्य स्थितिको भन्दा ३०-५०% ले कम भएको | अवसरहरु >५०% ले कम भएको वा अवसर नै नरहेको | अवसर नरहेको | सामान्य रोजगारीको अवस्था जनसमुदायको अवधारणामा आधारित |

## *५. गैर काष्ठ वन पैदावार, नगदेवाली र अन्य कृषिजन्य उत्पादनहरूको बिक्री*

**परिचय/महत्व**

यस सूचकले गैर काष्ठ वन पैदावार, नगदेवाली र अन्य कृषिजन्य उत्पादनहरूको बिक्रीबाट हुने आम्दानीको बारेमा जानकारी दिन्छ । स्थानीय मानिसहरूको धारणालाई आधार बनाइ तुलनात्मक रूपमा सामान्यभन्दा उल्लेख्य फरक आएको प्रतिशत मापन गरिन्छ । धेरै घरधुरीहरूको आम्दानीको मुख्य अंश यसबाट आउने हुनाले खाद्य पहुँचको यो एक महत्वपूर्ण सूचक हो । यसमा स्याउ, सुन्तला, चिया, सुकुमेल, गैह्र काष्ठ वन पैदावार जस्तै : यार्सागुम्बा, अमला, अतिश, चिराईंतो, तेजपात, गुच्छी च्याउ, जटामसी, भ्याउ, कुट्की, पिप्ला, रिठ्ठा, सुगन्धवाला, सुगन्धकोकीला र टिमुर आदि पर्दछन् ।

**मापन गर्ने विधि र सूचनाको सम्भाव्य स्रोतहरू**

यस सूचकका लागि मानिसहरूसँग प्रत्यक्ष वार्तालाप (अन्तर्वार्ता, लक्षित समूह छलपफल) साथै जिल्ला वन कार्यालय र भू–संरक्षण कार्यालय, व्यापारीहरू वा कृषि/वन सम्बन्धित गैर सरकारी संस्थाहरूसँगको अन्तर्वाताले पनि तथ्य उपलब्ध गराउँछ ।

### उदाहरण

यस गाविसमा सामान्य अवस्थाको तुलनामा गैर काष्ठ वन पैदावार उत्पादन, नगदेवाली र अन्य कृषिजन्य उत्पादनहरूको बिक्रीबाट हुने आम्दानी २५% ले घटेको छ ।

उत्तरः गैर काष्ठ वन पैदावार, नगदे बाली वा अन्य कृषिजन्य उत्पादनको बिक्री स्थिति र परिमाणात्मक सीमालाई मध्यनजर गर्दा यो सूचक दोस्रो चरण अर्थात मध्यमस्तरीय खाद्य असुरक्षित अवस्थामा पर्दछ ।

| सन्दर्भ सूचकहरू | | | पहिलो चरण | दोस्रो चरण | तेस्रो चरण | चौथो चरण | पाँचौ चरण | अवलोकन |
|---|---|---|---|---|---|---|---|---|
| | | | सामान्यतया खाद्य सुरक्षित अवस्था | मध्यमस्तरीय खाद्य असुरक्षित अवस्था | उच्चतम खाद्य असुरक्षित अवस्था (जीविकोपार्जनका स्रोत सम्पतिहरू बेचबिखन गर्नुपर्ने अवस्थाको शुरूवात) | गम्भीर खाद्य असुरक्षित अवस्था (खाद्य तथा जीविकोपार्जनमा गम्भीर सङ्कटको अवस्था) | मानवीय आपत्कालीन/भोकमरीको अवस्था | |
| खाद्य उपलब्धता | ५ | गैर काष्ठ वन पैदावार, नगदे बाली वा अन्य कृषिजन्य उत्पादनको बिक्री | सामान्य स्थितिको आम्दानी रहेको | सामान्य स्थितिको भन्दा ३०% सम्मले आम्दानी कम भएको | सामान्य स्थितिको भन्दा ३०-६०% ले आम्दानी कम भएको । | >६०% ले आम्दानी कम भएको | बेचबिखन छैन । | सामान्य आम्दानीको अवस्था जनसमुदायको अवधारणामा आधारित |

## ६. चामलको बजारभाउ

**परिचय/महत्व**

यस सूचकले मुख्य खाद्यवस्तुहरूको बजारभाउमा आएको फेरबदलको बारेमा सूचना दिन्छ । चामलको बजारभाउलाई मुख्य खाद्यवस्तुहरूको बजार भाउको परिवर्तन मापनका लागि वैकल्पिक वा सहायक सूचक (Proxy indicator) को रूपमा चयन गरिएको छ । चामल नेपालभर प्रयोग गरिने खाद्यवस्तु भएको हुनाले यसले जिल्ला जिल्ला बीचमा तुलनात्मक मापकका रूपमा पनि प्रयोग गर्न लागि सजिलो हुने हुनाले यसलाई चयन गरिएको हो ।

गएको ५ वर्षको औसत मौसमी मूल्यसँग हालको मूल्यमा आएको परिवर्तनको प्रतिशत मापन गरिन्छ ।

**मापन गर्ने विधि र सूचनाको सम्भाव्य स्रोतहरू**

खुद्रा बिक्रेता र ढुवानीकर्ताहरूको अन्तर्वार्ताबाट सान्दर्भिक सूचना प्राप्त गर्न सकिन्छ । मुख्य बजारहरूमा प्रत्यक्ष अवलोकनद्वारा पनि मूल्य सूची सङ्कलन गर्न सकिन्छ । नेपाल खाद्य संस्थानले पनि महत्वपूर्ण सूचना प्रदान गर्न सक्छ ।

यस गाविसमा २०६० देखि २०६५ को पुसदेखि फागुन महिनासम्मको औसत मूल्यको तुलनामा चामलको बजार भाउ १५% ले बृद्धि भएको छ ।

उत्तरः चामलको बजारभाउको स्थिति र परिमाणात्मक सीमालाई मध्यनजर गर्दा यो सूचक दोस्रो चरण अर्थात मध्यमस्तरीय खाद्य असुरक्षित अवस्थामा पर्दछ ।

| | | | पहिलो चरण | दोस्रो चरण | तेस्रो चरण | चौथो चरण | पाँचौ चरण | |
|---|---|---|---|---|---|---|---|---|
| सन्दर्भ सूचकहरु | | | सामान्यतया खाद्य सुरक्षित अवस्था | मध्यमस्तरीय खाद्य असुरक्षित अवस्था | उच्चतम खाद्य असुरक्षित अवस्था (जीविकोपार्जनका स्रोत सम्पतिहरु बेचबिखन गर्नुपर्ने अवस्थाको शुरुवात) | गम्भीर खाद्य असुरक्षित अवस्था (खाद्य तथा जीविकोपार्जनमा गम्भीर सङ्कटको अवस्था) | मानवीय आपत्कालीन/ भोकमरीको अवस्था | अवलोकन |
| खाद्य उपलब्धता | ६ | चामलको बजार भाउ | घटेको, स्थिर वा बजार भाउ सामान्य भन्दा १०% सम्म बृद्धि । | सामान्य बजार भाउ भन्दा १०-२०% ले बृद्धि भएको । | सामान्य बजार भाउ भन्दा २०-४०% ले बृद्धि भएको । | सामान्य बजार भाउ भन्दा ४०-८०% ले बृद्धि भएको । | सामान्य बजार भाउ भन्दा ८०% भन्दा बढि ले बृद्धि भएको । | गएको ५ वर्षको उहि समयको औसत मूल्यमा आधारित । |

## ७. प्राकृतिक प्रकोपहरु

**परिचय/महत्व**

प्राकृतिक प्रकोप भन्नाले बाढी पहिरो, नदी कटान, असिना, हुरी, आगजनी आदि जसले खाद्य सुरक्षालाई प्रभाव पार्ने गर्दछन हाम्रो सन्दर्भमा लिइएको छ । यस सूचकले प्राकृतिक प्रकोपका कारण खाद्य सञ्चिति र उत्पादनशील सम्पत्ति माथि पर्न सक्ने सम्भाव्य प्रभावको सूचना दिन्छ । यसले नाश भएको कुल खाद्य सञ्चिति र सम्पत्तिको प्रतिशत मापन गर्दछ ।

**मापन गर्ने विधि र सूचनाको सम्भाव्य स्रोतहरू**

जिल्ला प्रशासन कार्यालय, गैर सरकारी संस्थाहरू र पत्रपत्रिकाबाट बहुमूल्य सहयोगी तथ्याङ्कहरू प्राप्त गर्न सकिन्छ । नेपाल रेडक्रस सोसाइटी साथै जिल्लाको कृषि विकास कार्यालयका कृषि सेवा केन्द्रहरू जहाँ मानिसहरूले सहयोगका लागि निवेदन दर्ता गर्ने भएकाले यी तथ्याङ्कहरू सूचनाका लागि भरपर्दो स्रोत हुन सक्छन् ।

उदाहरण

यस गाविसमा असिना पानीले २५% खाद्य भण्डार र सम्पत्ति नष्ट गऱ्यो ।

उत्तरः प्राकृतिक प्रकोपको स्थिति र परिमाणात्मक सीमालाई मध्यनजर गर्दा यो सूचक दोस्रो चरण अर्थात मध्यमस्तरीय खाद्य असुरक्षित अवस्थामा पर्दछ ।

| | | | पहिलो चरण | दोस्रो चरण | तेस्रो चरण | चौथो चरण | पाँचौ चरण | |
|---|---|---|---|---|---|---|---|---|
| सन्दर्भ सूचकहरु | | | सामान्यतया खाद्य सुरक्षित अवस्था | मध्यमस्तरीय खाद्य असुरक्षित अवस्था | उच्चतम खाद्य असुरक्षित अवस्था (जीविकोपार्जनका स्रोत सम्पत्तिहरु बेचबिखन गर्नुपर्ने अवस्थाको शुरूवात) | गम्भीर खाद्य असुरक्षित अवस्था (खाद्य तथा जीविकोपार्जनमा गम्भीर सङ्कटको अवस्था) | मानवीय आपत्कालीन/ भोकमरीको अवस्था | अवलोकन |
| जेखिम | ७ | प्राकृतिक प्रकोप | प्राकृतिक प्रकोपको घटना नभएको वा घटना भएको अवस्थामा पनि <२०% सम्म संचित खाद्यवस्तु वा चलअचल सम्पत्तिको क्षति भएको । | प्राकृतिक प्रकोपको घटनाले २०-३०% सम्म संचित खाद्यान्न एवं चलअचल सम्पत्तिको क्षति भएको । | प्राकृतिक प्रकोपको घटनाले ३०-५०% सम्म संचित खाद्यान्न/ चलअचल सम्पत्तिको क्षति र जनधनको क्षति । | प्राकृतिक प्रकोपको घटनाले >५०% सम्म संचित खाद्यान्न/ चलअचल सम्पत्तिको क्षति र जनधनको क्षति । | वृहत स्तरको प्राकृतिक प्रकोप (भूकम्प, बाढीपहिरो) ले पूर्णरुपले भौतिक संरचना तथा जग्गाजमिनमा क्षति पुऱ्याएको वा मानवीय क्षति हुनाको साथै व्यापक मानवीय विस्थापन गराएको । | चलअचल सम्पत्ति- चौपाया, घर जग्गा, कृषि औजारहरु |

## ८. बसाइ–सराइ

### परिचय/महत्व

खाद्यान्न अभावको स्थितिमा समुदाय अन्य ठाउँमा मौसमी बसाइ-सराइ गर्ने वा विदेश खासगरी भारतर्फ जानेलाई चलन छ । यस सूचकले ती मानिसहरू जो आफ्नो जिल्ला वा देशभन्दा बाहिर गई बसोबास गर्छन् तिनीहरूको संख्यामा आउने परिवर्तनको प्रतिशत मापन गर्दछ । जब बहुसंख्यक मानिसहरू लामो दूरी तय गरी बसाइ-सराइ गर्दछन् भने त्यसलाई अक्सर कठिन आर्थिक तथा सामाजिक अवस्था र खाद्य असुरक्षा वा जोखिमताको भरपर्दो सङ्केतको रूपमा लिन सकिन्छ । कुनै पनि व्यक्तिको नजिकैको जिल्लाको छिमेकी गाविसहरूमा गरिने स्थानान्तरणलाई बसाइ-सराइको रूपमा लिन हुँदैन । तुलनाको लागि स्थानीय मानिसहरूको परम्परागत/मौसमी बसाइ-सराइको बुझाइलाई आधाररेखाको रूपमा लिनु पर्दछ ।

### मापन गर्ने विधि र सूचनाको सम्भाव्य स्रोतहरू

अन्य गाविसहरूमा गरिने बसाइ-सराइको लगत घरधुरीहरूको लक्षित समूह छलफल, गैर सरकारी संस्था, स्थानीय संस्थाहरूबाट लिन सकिन्छ । अन्तर्राष्ट्रिय बसाइ-सराइ मापन गर्ने एक विधि भनेको जिल्ला प्रशासन कार्यालयमा राहदानीको तथ्याङ्क पनि हो ।

उदाहरण

यस गाविसमा परम्परागत बसाइ-सराइको तुलनामा बसाइ-सराइ २५% ले बढेको छ ।

उत्तरः बसाइ-सराइको स्थिति र परिमाणात्मक सीमालाई मध्यनजर गर्दा यो सूचक तेस्रो चरण अर्थात उच्चतम खाद्य असुरक्षित अवस्थामा पर्दछ ।

| | | | पहिलो चरण | दोस्रो चरण | तेस्रो चरण | चौथो चरण | पाँचौ चरण | |
|---|---|---|---|---|---|---|---|---|
| सन्दर्भ सूचकहरु | | | सामान्यतया खाद्य सुरक्षित अवस्था | मध्यमस्तरीय खाद्य असुरक्षित अवस्था | उच्चतम खाद्य असुरक्षित अवस्था (जीविकोपार्जनका स्रोत सम्पतिहरु बेचबिखन गर्नुपर्ने अवस्थाको शुरुवात) | गम्भीर खाद्य असुरक्षित अवस्था (खाद्य तथा जीविकोपार्जनमा गम्भीर सङ्कटको अवस्था) | मानवीय आपत्कालीन/ भोकमरीको अवस्था | अवलोकन |
| बहिरी बसाइ-सराइ | ८ | बसाइ-सराइ | पारम्परिक मौसमी बसाइ-सराइ १०%ले बृद्धि | पारम्परिक मौसमी बसाइ-सराइ १०-२०% ले बृद्धि | पारम्परिक मौसमी बसाइ-सराइ २०-४०% ले बृद्धि | पारम्परिक मौसमी बसाइ-सराइ >४०%ले बृद्धि | वृहत स्तरको बसाइ-सराइ | जनसमुदायको अवधारणामा आधारित |

## ९. निर्वाह पद्धति (Coping)

**परिचय/महत्व**

अन्न उत्पादनमा कमी वा अन्य कारणहरूले गर्दा खाद्यान्न उपलब्धता कम वा नभएको अवस्थामा जीवन गुजारा वा बाँचनका लागि अपनाइने विकल्पहरूलाई यहाँ निर्वाह पद्धतिको रूपमा परिभाषित गरिएको छ । अक्सर जसो निर्वाह पद्धति मानिसहरूले तनाव, जीविका सञ्चालनमा सङ्कट आएको बेलामा लागू गर्ने क्रियाकलापहरू हुन् । निर्वाह पद्धति एक जिल्लादेखि अर्को जिल्ला र एकदेखि अर्को घरधुरीको बीचमा फरक फरक हुनसक्छ । तर मानिसहरूको जनजीवन र सम्पत्ति माथि पर्ने यसको प्रभाव सामान्यतया तीन किसिममा विभाजन गर्न सकिन्छ । क) बीमा रणनीति (क्षतिपूर्ति गर्न सकिने निर्वाह पद्धति, उत्पादनशील सम्पत्तिको बचाउ जस्तैः खाना घटाउने आदि ।); ख) समस्या रणनीति (क्षतिपूर्ति गर्न नसकिने निर्वाह पद्धति/जनजीवनको भविष्यमा भयावह स्थिति, जस्तैः उत्पादनशील सम्पत्तिहरूको बेचबिखन) र ग) दुःखपूर्ण (Distress) रणनीति (भोकमरी र मृत्यु, र कुनै अरू निर्वाह पद्धति नै बाँकी नरहेका अवस्था)

घरधुरीको खाद्य पहुँच सम्बन्धी महत्वपूर्ण सूचना प्रदान गर्ने हुनाले निर्वाह पद्धति मूल्याङ्कन खाद्य सुरक्षा अनुगमनको अति महत्वपूर्ण भाग हो ।

**मापन गर्ने विधि र सूचनाको सम्भाव्य स्रोतहरू**

सामान्यतया निर्वाह पद्धतिको प्रत्यक्ष प्रमाणहरू निर्वाह पद्धतिको गम्भीरता मूल्याङ्कन गर्ने विशेष प्रश्नहरू सोधिने विभिन्न सर्वेक्षण प्रणाली तथा मूल्याङ्कनहरूद्वारा प्राप्त गर्न सकिन्छ । गाउँघरमा प्रत्यक्ष अवलोकन, घरधुरीहरूको अन्तर्वार्ता वा लक्षित समूह छलफल वा गैर सरकारी संस्था/स्थानीय संस्थाहरू (CBO) को तथ्याङ्कहरूबाट पनि निर्वाह पद्धतिका जानकारीहरू प्राप्त गर्न सकिन्छ ।

यस गाविसका घरधुरीहरूले क्षतिपूर्ति गर्न नसकिने खालको निर्वाह पद्धति अपनाउन थालेका छन् जस्तै : उनीहरूको उत्पादनशील सम्पत्तिरूको बेचबिखन शुरू भएको छ ।

उत्तर: निर्वाह पद्धतिको स्थिति र परिमाणात्मक सीमालाई मध्यनजर गर्दा यो सूचक तेस्रो चरण अर्थात उच्चतम खाद्य असुरक्षित अवस्थामा पर्दछ ।

| | | | **पहिलो चरण** | **दोस्रो चरण** | **तेस्रो चरण** | **चौथो चरण** | **पाँचौ चरण** | |
|---|---|---|---|---|---|---|---|---|
| **सन्दर्भ सूचकहरु** | | | **सामान्यतया खाद्य सुरक्षित अवस्था** | **मध्यमस्तरीय खाद्य असुरक्षित अवस्था** | **उच्चतम खाद्य असुरक्षित अवस्था (जीविकोपार्जनका स्रोत सम्पतिहरु बेचबिखन गर्नुपर्ने अवस्थाको शुरूवात)** | **गम्भीर खाद्य असुरक्षित अवस्था (खाद्य तथा जीविकोपार्जनमा गम्भीर सङ्कटको अवस्था)** | **मानवीय आपत्कालीन/ भोकमरीको अवस्था** | **अवलोकन** |
| निर्वाह पद्धति | ९ | निर्वाह पद्धति | जीविकोपार्जनको पारम्परिक निर्वाह पद्धति (बसाइ-सराइ, ज्यालादारी, गैरकाष्ठ वन पैदावारको बिक्री, कन्दमूलको उपभोग) | दैनिक आहारव्यवहारमा परिवर्तन (खानाको परिमाणमा कमी, मनपरेको खाना कम मात्रामा); खाद्यान्न तथा पैसा सापट, पैचो, चलअचल सम्पत्तिको बेचबिखन) | भविष्यमा परिपूर्ति नहुने किसिमको निर्वाह पद्धतिको शुरुवात (चौपाया, बीज-बिजन, घरजग्गा बेचबिखन, खानाको छाक बिराउने) | भविष्यमा परिपूर्ति नहुने निर्वाह पद्धतिको चरम अवस्था (अत्यधिक मात्रामा चौपाया बेचबिखन, लुटपाट, कन्दमूलमा मात्र आश्रित) | निर्वाह पद्धतिमा पूर्णरूपले ह्रास आई भोकमरी/ मृत्यु | |

**खाद्य उपयोगिता**

खाद्य उपयोगिता भन्नाले मानिसहरूले पर्याप्त पोषण, सफा पानी, सरसफाइ र स्वास्थ्य सेवाको माध्यमबाट खाद्यान्नको प्रयोगद्वारा र उपर्युक्त पोषणको स्थिति प्राप्त गर्न सक्ने क्षमता बुझिन्छ जहाँ सम्पूर्ण शारीरिक आवश्यकताहरू परिपूर्ति हुन्छन् । यसले खाद्य सुरक्षामा अखाद्य तत्वको महत्व देखाउँदछ ।

## *१०. बाल कुपोषण (५ वर्ष–मुनिमा)*

**परिचय/महत्व**

यस सूचकले ५ वर्ष मुनिका बालबालिकाहरूमा रहेको कुपोषणको स्थितिको सूचना प्रदान गर्दछ । यो कुल जनसंख्या भित्र देखिएको प्रतिशतद्वारा मापन गरिन्छ । चर्को कुपोषण भनेको चरम खाद्यवस्तुको कमी वा बिरामीको फलस्वरूप गम्भीर रूपमा छोटो समयामा नै धेरै तौल गुमाउनु हो । यसलाई 'पातलोपन' वा 'दुब्लोपन'द्वारा सङ्केत गरिन्छ : मानिसहरूले तौल गुमाउनु तर उचाइ परिवर्तन नहुनु दीर्घ कुपोषणको लक्षण हो । कुपोषणले सर्वप्रथमत ५ वर्षमुनिका बालबालिकाहरूलाई प्रभावित पार्दछ विशेषत जीवनको पहिलो दुई वर्ष । पुड्कोपन छोटो समयको खाद्य असुरक्षा मापान गर्न प्रभावकारी हुँदैन किनकि यो दीर्घकालीन कुपोषणको सूचक हो ।

**मापन गर्ने विधि र सूचनाको सम्भाव्य स्रोतहरू**

दुब्लोपन मापन गर्ने एक विधि भनेको ५ वर्ष मुनिका बालबालिकाहरूलाई अभिभेद (random) रूपमा छनौट गरी पाखुराको माथिल्लो मध्य भागको मोटाई (MUAC) को नाप लिनु हो । यसको मुख्य सवाल भनेको तथ्याङ्कीय रूपमा प्रतिनिधिमूलक नमूना प्रयोग गर्नु हो । तपाईंले जिल्ला शिक्षा कार्यालयमा पनि तथ्याङ्कको लागि अनुरोध गर्न सक्नुहुन्छ । UNICEF जस्ता स्वास्थ्य/पोषणको क्षेत्रमा काम गर्ने अन्य स्थानीय गैर सरकारी संस्थाहरूबाट पनि सहयोग लिन सकिन्छ । जिल्ला स्वास्थ्य कार्यालयद्वारा प्रत्येक ६ महिनामा सङ्कलित 'कमतौल' को अनुमानित तथ्याङ्कलाई पनि बैकल्पिक वा सहायक सूचकको रूपमा प्रयोग गर्न सकिन्छ । तापनि यस्ता तथ्याङ्कहरू प्रयोग गर्दा सावधानी अपनाउनु पर्ने हुन्छ किनभने यी तथ्याङ्कहरूको तथ्याङ्कीय फरक उल्लेख्य (Statistically significant) हुन आवश्यक छ ।

*उदाहरण*

यस गाविसमा चर्को बाल कुपोषणको स्थिति १२ प्रतिशत छ ।

उत्तर: चर्को बाल कुपोषण (५ वर्ष मुनिमा) को स्थिति र परिमाणात्मक सीमालाई मध्यनजर गर्दा यो सूचक तेस्रो चरण अर्थात उच्चतम खाद्य असुरक्षित अवस्थामा पर्दछ ।

| | | | पहिलो चरण | दोस्रो चरण | तेस्रो चरण | चौथो चरण | पाँचौ चरण | |
|---|---|---|---|---|---|---|---|---|
| सन्दर्भ सूचकहरु | | | सामान्यतया खाद्य सुरक्षित अवस्था | मध्यमस्तरीय खाद्य असुरक्षित अवस्था | उच्चतम खाद्य असुरक्षित अवस्था (जीविकोपार्जनका स्रोत सम्पतिहरु बेचबिखन गर्नुपर्ने अवस्थाको शुरूवात) | गम्भीर खाद्य असुरक्षित अवस्था (खाद्य तथा जीविकोपार्जनमा गम्भीर सङ्कटको अवस्था) | मानवीय आपत्कालीन/भोकमरीको अवस्था | अवलोकन |
| खाद्यान्नको उपयोगिता | १० | चर्को बाल कुपोषण (५ वर्ष मुनिमा) | × | × | १०-१५% सम्म रहेको | >१५% सम्म रहेको | >३०% सम्म रहेको | यदि अन्य सूचकले तेस्रो र चौथो अवस्थामा भएको सङ्केत दिएमा मात्र मापन गर्ने (फिल्ड मनिटरद्वारा MUAC मापन गर्ने) |

## ११. रोगव्याधि

**परिचय/महत्व**

यस सूचकले कुनै क्षेत्रको रोगव्याधिको स्थितिको बारेमा सूचना दिन्छ र रोगव्याधिको स्थितिको मुल्याङ्कन रोगको प्रकारमा निर्भर हुने हुनाले यो सूचकको संख्यात्मक परिमाणात्मक सीमा हुँदैन । हाम्रो उद्देश्यको लागि, हामीले क) उल्लेख्य, ख) सङ्क्रमण र ग) माहामारी तीन किसिममा छुट्ट्याएका छौं । उल्लेख्य भन्नाले कुनै खास रोगको अलग्ग किसिमको मामिलाहरू भन्ने बुझिन्छ । सङ्क्रमण र माहामारी भन्नाले मानिसहरू बीच सरुवा रोगहरूको व्यापकता भन्ने बुझिन्छ । तर सङ्क्रमण र माहामारीमा पनि दुई

किसिमका भिन्नता हुन्छन् । पहिलो, माहामारीले सङ्क्रमणभन्दा बढी संख्यामा मानिसहरू प्रभावित भएको सुचित गर्दछ र दोस्रो महामारीले ठूलो क्षेत्रफल प्रभावित भएको जनाउँदछ । रोगको सङ्केतको आधारमा अन्य सूचकहरू विशेष गरी खाद्य पहुँच र उपलब्धता पनि बिचार गर्नु पर्दछ । रोगव्याधि उच्च कुपोषण दरका एक मात्र अति महत्वपूर्ण कारण हुन सक्दछ जुन अपर्याप्त खाद्य पहुँच वा उपलब्धता भन्दा पनि असुरक्षित पानी वा शिशुस्याहार अभ्यासमा अनभिज्ञताका कारण पनि हुन सक्दछ ।

**मापन गर्ने विधि र सूचनाको सम्भाव्य स्रोतहरू**

तपाईंले जिल्ला स्वास्थ्य कार्यालयसँग उपलब्ध भएको तथ्याङ्क लिन सक्नुहुन्छ । रोगको लगत तथ्याङ्क जिल्ला स्वास्थ्य कार्यालयद्वारा नियमित रूपमा सङ्कलन नगरिएको पनि हुन सक्दछ तर जिल्ला स्वास्थ्य अधिकृतहरूलाई सङ्क्रमण र महामारीको प्रकोपको बारेमा जानकारी हुन्छ । विश्व स्वास्थ्य सङ्गठन, UNICEF जस्ता स्वास्थ्य/पोषणको क्षेत्रमा काम गर्ने अन्य स्थानीय गैर सरकारी संस्थाहरू पनि सहयोगी हुन सक्दछन् ।

*उदाहरण*

यस गाविसमा रोगहरूको सङ्क्रमणको प्रकोप बढ्दो अवस्थामा रहेको छ ।

उत्तरः गाविसमा रोगहरूको सङ्क्रमणको स्थिति र परिमाणात्मक सीमालाई मध्यनजर गर्दा यो सूचक तेस्रो चरण अर्थात उच्चतम खाद्य असुरक्षित अवस्थामा पर्दछ ।

| सन्दर्भ सूचकहरु | | | पहिलो चरण<br>सामान्यतया खाद्य सुरक्षित अवस्था | दोस्रो चरण<br>मध्यमस्तरीय खाद्य असुरक्षित अवस्था | तेस्रो चरण<br>उच्चतम खाद्य असुरक्षित अवस्था (जीविकोपार्जनका स्रोत सम्पतिहरु बेचबिखन गर्नुपर्ने अवस्थाको शुरूवात) | चौथो चरण<br>गम्भीर खाद्य असुरक्षित अवस्था (खाद्य तथा जीविकोपार्जनमा गम्भीर सङ्कटको अवस्था) | पाँचौ चरण<br>मानवीय आपत्कालीन/ भोकमरीको अवस्था | अवलोकन |
|---|---|---|---|---|---|---|---|---|
| खाद्यान्नको उपयोगिता | ११ | रोग ब्याधि | रोग ब्याधि उल्लेख्य रूपमा नरहेको | उल्लेख्य रोग ब्याधि, नियन्त्रणमा रहेको | सङ्क्रमणको प्रकोप बढ्दो अवस्था | महामारी फैलिएको | महामारी फैलिएको | |

## *१२. नागरिक सुरक्षा*

**परिचय/महत्व**

यस सूचकले नागरिक सुरक्षाको सन्दर्भमा स्थानीय अवस्थाको जानकारी दिन्छ । गएको ३ महिनाभित्र लगातार बन्द/चक्काजामको भएको दिनको संख्याद्वारा यसलाई मापन गरिन्छ तर उल्लेख्य हिंसाको घटनाहरू पनि समावेश गर्न सकिन्छ । नागरिक असुरक्षाको खाद्य असुरक्षासँग गहिरो सम्बन्ध छ र यो खाद्य असुरक्षाको कारक र प्रभाव दुवै हुन सक्दछ । यो सन्दर्भको नतिजा बिचार गर्दा प्रत्यक्ष द्वन्द्व बढी केन्द्रीत र आकर्षित हुन्छ तर यसमा कम अहिंसक द्वन्द्वहरू पनि समावेश गरिनु उतिकै महत्वपूर्ण छ जसमा मुख्य जीविकोपार्जन र सम्पतिबाट बञ्चित भएका मानिसहरू पनि पर्दछन् ।

**मापन गर्ने विधि र सूचनाको सम्भाव्य स्रोतहरू**

प्रत्यक्ष अवलोकनद्वारा लगातार बन्द/चक्काजामहरू भएका दिनको संख्या गन्न सकिन्छ । सहयोगी तथ्याङ्कहरू जस्तैः पत्रपत्रिका वा विभिन्न रिपोर्टहरूले पनि महत्वपूर्ण सूचना दिन सक्दछन् । जिल्ला प्रशासन कार्यालय पनि नागरिक सुरक्षा माथिको दक्खलको कुनै पनि घटना प्रति सदा सचेत हुन्छ ।

### उदाहरण

गएको ३ महिनामा यस गाविस लगातार ८ दिनको बन्दबाट प्रभावित भएको छ ।

उत्तरः नागरिक सुरक्षाको स्थिति र परिमाणात्मक सीमालाई मध्यनजर गर्दा यो सूचक दोस्रो चरण अर्थात मध्यमस्तरीय खाद्य असुरक्षित अवस्थामा पर्दछ ।

| सन्दर्भ सूचकहरु | | | पहिलो चरण<br>सामान्यतया खाद्य सुरक्षित अवस्था | दोस्रो चरण<br>मध्यमस्तरीय खाद्य असुरक्षित अवस्था | तेस्रो चरण<br>उच्चतम खाद्य असुरक्षित अवस्था (जीविकोपार्जनका स्रोत सम्पतिहरु बेचबिखन गर्नुपर्ने अवस्थाको शुरुवात) | चौथो चरण<br>गम्भीर खाद्य असुरक्षित अवस्था (खाद्य तथा जीविकोपार्जनमा गम्भीर सङ्कटको अवस्था) | पाँचौ चरण<br>मानवीय आपत्कालीन/ भोकमरीको अवस्था | अवलोकन |
|---|---|---|---|---|---|---|---|---|
| नागरिक सुरक्षा | १२ | नागरिक सुरक्षा | सामान्य शान्तिपूर्ण स्थिति रहेको । | सुरक्षाको स्थिति बिग्रदो अवस्थामा (बन्द र चक्का जाम निरन्तर ७ देखि १५ दिन प्रति ३ महिनामा) | आवतजावत बन्द (बन्द र चक्का जाम निरन्तर १५ देखि ३० दिन प्रति ३ महिनामा) | आवतजावत बन्द (बन्द र चक्का जाम निरन्तर ३० दिन भन्दा बढि प्रति ३ महिनामा) | द्वन्द्वको चरम स्थिति तथा मानवीय विस्थापनको अवस्था । | |

# घ. खाद्य सुरक्षा चरण वर्गीकरण विश्लेषण तालिकाको प्रयोग

खाद्य सुरक्षा र मानवीय सहयोगको पहलले धेरै व्यक्तिहरूको जीवनमा प्रभाव पार्ने तथा यस पहलमा धेरै सरोकारवालाहरूको संलग्नता भएकाले, विश्लेषण प्रक्रिया जति जटिल भए पनि अन्तिम नतिजा सबैले बुझ्नसक्ने र टिप्पणी गर्न सहज हुनु पर्दछ । जवाफदेहीता र पारदर्शिताको मूल लक्ष प्राप्त गर्ने मुख्य उपाय भनेको सबै जानकारीहरूलाई सरल रूपमा वस्तुगत तथ्यमा आधारित भई विश्लेषणको सारलाई प्रमाणित गर्ने गरी सरल रूपमा प्रस्तुत गर्नु र प्रभावकारी पहलका लागि थप जानकारी उपलब्ध गराउनु हो ।

विश्लेषण तालिका एक औजार हो जसमा तपाईंले आफ्ना जानकारीलाई यसरी अभिलेखीकरण गर्नुहुन्छ कि यसले खाद्य सुरक्षा चरण वर्गीकरण गर्न मद्दत गर्दछ ।

विश्लेषण तालिका जानकारीको पारदर्शिता बढाउन तथा जानकारीहरूलाई सजिलो गरी प्रयोग गर्न र प्रतिवेदन तयार गर्नका लागि तयार गरिएको हो । यसले मुख्य ३ उद्देश्य पूरा गर्दछ :

१) तथ्यपरक गहिरो विश्लेषण गर्न मार्ग निर्देशन दिन्छ ।

२) मुख्य जानकारीको व्यवस्थित अभिलेख गरी जानकारी उपर पहुँचको सुगमताका साथै पारदर्शिता बढाउँछ ।

३) मुख्य जानकारीहरूलाई एकरूपताकासाथै तर्कसङ्गत रूपमा प्रस्तुत गरी प्रतिवेदन लेख्न सरल बनाउँछ ।

विश्लेषण तालिकाका ४ भाग हुन्छन् :

१) सन्दर्भ सूचकहरू र परिमाणात्मक सीमा
२) सूचनाहरूको स्रोत, विश्वसनीयता र सान्दर्भिक टिप्पणीहरू
३) हरेक सूचकको पूर्वानुमान सम्बन्धी सूचनाहरू
४) समग्र खाद्य सुरक्षा चरण वर्गीकरण, समग्र खाद्य सुरक्षा चरण, समग्र पूर्वानुमान र टिप्पणी । खाद्य असुरक्षाको प्रत्यक्ष र आधारभूत कारणहरू ।

सुझाव ७

### विश्लेषण तालिका तयार पारी प्रमाण निर्माण गर्ने

विश्लेषण औजारहरूसँग काम गर्नुलाई साधारण कागजी अभ्यासको रूपमा लिनु हुँदैन । यी औजारहरु विश्लेषणका आधारहरु हुन् तसर्थ तथ्यमा आधारित प्रमाणहरूलाई वस्तुगत रूप दिईनु पर्दछ जसले गर्दा केन्द्रीयस्तरका निर्णय कर्ताहरूलाई तपाईंको जिल्लाको हालैको अवस्थाबारे बुझाउन सजिलो होस् । तपाईंले सूचकहरूलाई जति यथार्थ रूपमा प्रयोग गर्नु हुन्छ, तपाईंको मामिला त्यति नै पत्यारिलो हुन्छ ।

## विश्लेषण तालिकामा कसरी चरणबद्ध रूपमा काम गर्ने ?

काम शुरू गर्नु भन्दा पहिले, तपाईंसँग निम्न कुराहरू भएको पक्का गर्नुहोस् ।

जिल्ला खाद्य सुरक्षा सञ्जालका सदस्यहरूले अनुगमनको समयमा सङ्कलन गरेका तथ्याङ्कहरू । यो तथ्याङ्क सदस्यहरूले भरेका सुरक्षा जानकारी आदान प्रदान फाराम र फ्लेक्स बोर्डमा हुनु पर्दछ ।

- खाद्य सुरक्षा सन्दर्भ तालिका
- खाद्य सुरक्षा विश्लेषण तालिकाहरूको कम्तिमा प्रत्येक गाविसहरूको समूहलाई पुग्ने गरी प्रतिहरू

१) प्रत्येक गाविसका समूहका लागि एउटा विश्लेषण तालिका भर्ने । जिल्लाको सबभन्दा बढी खाद्य असुरक्षित गाविसहरूको समूहहरूबाट विश्लेषण तालिका भर्न शुरू गर्ने ।
२) तालिकाको माथिल्लो भागमा जानकारीहरू भर्ने । जिल्लाको नाम, गाविस हरूका समूहलाई बुझाउन तोकिएको अक्षर उल्लेख गर्ने र समूहमा पर्ने गाविसहरूको नाम राख्ने, प्रतिवेदनको समयावधि (जनवरी-मार्च, अप्रिल-जुन, जुलाई-सेप्टेम्बर वा अक्टोबर-डिसेम्बर), पूर्वानुमान अवधि (जनवरी-मार्च, अप्रिल-जुन, जुलाई-सेप्टेम्बर वा अक्टोबर-डिसेम्बर), र जिल्ला खाद्य सुरक्षा सञ्जालको बैठकको मिति ।
३) अब तपाईंले तालिकाको भाग 'क' भर्न शुरू गर्न सक्नुहुन्छ :
   - जिल्ला खाद्य सुरक्षा सञ्जालका सदस्यहरूले अनुगमन चक्रको दौरानमा सङ्कलित तथ्याङ्कको आधारमा विश्लेषण तालिकाको एक सन्दर्भ सूचकहरू एक एक गरी भर्दै जानुहोस् ।
   - सन्दर्भ सचकले पहिलो तीन महलमा (बाली १, बाली २, बाली ३) मा विश्लेषण गरिने अवधिमा भएका अन्नबालीको नाम लेख्नु होस् (जस्तैः धान, मकै, आदि...)
   - पहिलो स्तम्भमा (सन्दर्भ सूचकहरू र परिमाणात्मक सीमाहरू) कुन परिमाणात्मक सीमा लागू हुने हो मिल्दो रङ्गिन बक्समा काट्नहोस् (×) ।
४) अब तपाईंले तालिकाको भाग 'ख' भर्न शुरू गर्न सक्नुहुन्छ :

- दोस्रो महल (तथ्याङ्कको स्रोत) मा ठीक स्रोत र मिति उल्लेख गर्नुहोस् । (जस्तै : बाली उत्पादन अवस्थाको लागि 'जिल्ला कृषि विकास कार्यालयको कर्मचारीको बैठक' स्रोत हुन सक्दछ भने बाल कुपोषणको लागि 'जिल्ला स्वास्थ्य कार्यालयको प्रतिवेदन' स्रोत हुन सक्दछ ।
- तेस्रो महलमा (विश्वसनीयताको स्तर) मा तथ्याङ्क विश्वसनीय भए (√) र अपुष्ट भएमा (×) चिन्ह लगाउनुहोस् ।
- चौथो महलमा (टिप्पणी) । यस सूचकको सान्दर्भिक प्रमाणको सूचना उल्लेख गर्नुहोस् । यस महलमा खास गरी तपाईंले उल्लेख गरेको सूचकको परिमाणात्मक सीमाबारे स्पष्ट गर्नु पर्दछ । जस्तैः यदि बाली उत्पादन/अवस्था १०-३० प्रतिशतले सामान्य भन्दा कम भएमा तपाईंले यस ह्रासको कारण उल्लेख गर्नु पर्ने हुन्छ ।

५) अब तपाईंले तालिकाको भाग 'ग' भर्न शुरू गर्न सक्नुहुन्छ :

- पाँचौं महलमा (हरेक सूचकको पूर्वानुमान) हरेक सूचकको आउँदो तीन महिनाको पूर्वानुमान उल्लेख गर्नुहोस् । यदि अवस्था सुधार हुने देखिएमा ↑ चिन्हले, यदि तपाईंलाई समसामयिक अवस्थामा कुनै पनि परिवर्तन नआउने देख्नुभएमा ➔ चिन्हले र आगामी तीन महिनामा अवस्था बिग्रँदै जानेछ भन्ने लागेमा ↓ चिन्हले सङ्केत गर्नुहोस् ।
- छैठौं महलमा (टिप्पणी) मा तपाईंले दिनु भएको पूर्वानुमानको सान्दर्भिक जानकारी लेख्नुहोस् । (तपाईंलाई किन त्यस सूचकले त्यस दिशा तर्फ लक्षित गर्दछ भन्ने लाग्दछ ? त्यसको सम्भाव्य कारण दिनुहोस् । जस्तै : यदि तपाईंले घुरधुरीको खाद्य सञ्चितिमा ↑ चिन्ह दिनुभएको छ भने, तपाईंले खाद्य सञ्चितिको स्तर बढ्ने सम्भावना देख्नुहुन्छ किनभने आउँदो चक्रमा घरधुरीहरूले वर्षे बाली कटानी गर्नेछन् र त्यसले उनीहरूको खाद्य सञ्चिति बढाउने छ ।)

सुझाव ८

## कुनै गाविसलाई समग्र खाद्य सुरक्षा चरण निर्धारण गर्न निर्देशन

हरेक सूचक र परिमाणात्मक सीमाहरूको स्थितिलाई ध्यानमा राख्दै तपाईंले हरेक गाविसलाई सुहाउँदो खाद्य सुरक्षा चरण तोक्नु पर्दछ ।

सबै सूचकहरूले एकै चरणलाई मात्र सङ्केत नगर्न सक्छन् (जस्तै : कुनै सूचक चरण २ मा पर्न सक्छन् भने कुनै ३ वा १ मा) । समग्र खाद्य सुरक्षा स्थिति कसरी वर्गीकरण गर्ने भन्ने अन्तिम निर्णय छलफलद्वारा प्राविधिक सहमतिमा पुगेपछि मात्र लिनु पर्दछ । निष्कर्षमा पुग्न प्रयोग गरिने सामान्य कडी भनेको खास गाविसका लागि बढी सान्दर्भिक हुने कुनै सूचकहरु माथि ध्यान दिनु हो । (जस्तै : केही समूहहरूमा मानिसहरूको खाद्य सुरक्षा बढी मात्रामा खाद्यान्न उत्पादन र नगदेबालीको बेचबिखनमा भर पर्दछ भने अन्यमा उपलब्ध ज्यालादारी रोजगारीको अवसर र बसाइ-सराइमा निर्भर गर्दछ ।

यसको मतलब वर्गीकरण निर्णयको लागि तपाईंले सबैभन्दा बढी सान्दर्भिक सूचकलाई बढी महत्व दिनु पर्ने हुन्छ । उदाहरणको लागि, यदि बाली उत्पादन र नगदेबाली बेचबिखन चरण ३ मा पर्दछ भने तपाईंले चरण ३ लाई त्यस गाविसको समग्र खाद्य सुरक्षा चरण तोक्नु पर्दछ । यस कार्यको लागि उपलब्ध जानकारीको निर्भरतालाई पनि ध्यान दिनु आवश्यक हुन्छ । सामान्यतया प्रमाणको संयोजन नै हो जसले कुनै पनि गाविसको समग्र चरण वर्गीकरण निर्धारण गर्दछ ।

६) अब तपाईंले तालिकाको भाग 'घ' भर्न शुरू गर्न सक्नुहुन्छ :

- गाविसको समूहलाई लागू गरिएका समग्र खाद्य सुरक्षा चरण निर्धारण गर्नुहोस् । यस गाविस समूहलाई तपाईंले कुन खाद्य सुरक्षा चरण तोक्नु भएको छ सान्दर्भिक रङ्गिन बक्समा

काट्नुहोस् । तपाईंको छनौट एकरूप छ भन्ने सुनिश्चित गर्न यस चरणमा सम्पूर्ण पूर्व उल्लेखित सूचनाहरू पुन : समिक्षा गर्नुहोस् । (थप निर्देशनको लागि सुझाव ८ मा हेर्नुहोला ।)

- मानिसको संख्या (मानिसहरूको अनुमानित संख्या उल्लेख गर्नुहोस्, सम्भव भए सम्म कति जना चरण ३, ४ वा ५ को अवस्थामा छन् । (थप निर्देशनको लागि सुझाव :९ मा हेर्नुहोला ।)
- तालिकाको समग्र खाद्य सुरक्षा चरणबारे टिप्पणी लेखी किन त्यस गाविस समूहको लागि खास त्यही खाद्य सुरक्षा चरण तोकिएको हो खुलस्त पार्नुहोस् ।
- खाद्य सुरक्षा चरणको समग्र पूर्वानुमान । आउँदो तीन महिनाको लागि पूर्वानुमान उल्लेख गर्नुहोस् । यदि अवस्था सुधार हुने देखिएमा ↑ चिन्हले, यदि तपाईंलाई समसामयिक अवस्थामा कुनै पनि परिवर्तन नआउने देख्नुभएमा → चिन्हले र आगामी तीन महिनामा अवस्था बिग्रँदै जानेछ भन्ने लागेमा ↓ चिन्हले सङ्केत गर्नुहोस् ।
- समग्र पूर्वानुमानको कैफियत । तपाईंले तोकेको पूर्वानुमानको प्रासाङ्गिक जानकारी लेख्नुहोस् । (तपाईंलाई किन त्यस सूचकले त्यस दिशा तर्फ लक्षित गर्दछ भन्ने लाग्दछ ?) हरेक सूचकको लागि तपाईंले निर्धारण गर्नु भएको पूर्वानुमानको एकरूपता जाँच गर्नुहोस् ।
- खाद्य असुरक्षाको प्रत्यक्ष कारणहरू । तपाईंले देख्नुभएको खाद्य असुरक्षाको प्रत्यक्ष कारणहरूको लागि मिल्दो बक्समा काट्नुहोस् । आवश्यकता अनुसार टिप्पणी दिनुहोस् ।
- आधारभूत कारणहरू । तपाईंले देख्नुभएको खाद्य असुरक्षाको आधारभूत कारणहरूको लागि मिल्दो बक्समा काट्नुहोस् । आवश्यकता अनुसार टिप्पणी दिनुहोस् ।

७) एक पटक विश्लेषण तालिका पूरा भएपछि एकरूपताको लागि जाँच गर्नुहोस् र कसैलाई तपाईंको तालिका पुन : जाँच गर्न आग्रह गर्नुहोस् । के तपाईंले दिएका सम्पूर्ण बुँदा र प्रमाणहरू स्पष्ट छन् ?

८) तपाईंले पहिचान गरेका गाविसहरूको अर्को समूहका लागि फेरि नयाँ विश्लेषण तालिका भर्न शुरू गर्नुहोस । फेरि चरण दुईबाट शुरूवात गर्नुहोस् ।

सुझाव ९

## चरण ३, ४ वा ५ भित्र परेका मानिसहरूको संख्या अनुमान

केन्द्रीय तथ्याङ्क विभागद्वारा प्रकाशित राष्ट्रिय जनगणनाका साथै जिल्ला तथ्याङ्क विवरण (District Profile) ले हरेक गाविसको जनसंख्या तथ्याङ्क दिने हुनाले लैङ्गिक र घरधुरीको छुट्टाछुट्टै तथ्याङ्कको लागि जिल्लाको वार्षिक लगतलाई आधारको रूपमा प्रयोग गर्न सकिन्छ ।

**गाविसहरूमा खाद्य असुरक्षाको चरण ३ वा त्यो भन्दा माथि रहेका मानिसहरूको संख्या अनुमान गर्ने एक विधि**

- उपलब्ध स्थानीय सुचनाको आधारमा गाविसको वार्षिक लगत दुरूस्त पार्ने । जस्तै : २०६५ मा गाविसको वार्षिक लगतले पापुङ्ग गाविसमा ३१० घरधुरी भएको देखाउँछ भने स्थानीय सूचनाका आधारमा त्यस गाविसमा घरधुरीहरूको संख्या २५० छ ।
- सम्बन्धित घरधुरीहरूको प्रतिशत अनुमान गर्नुहोस् । जस्तै : पापुङ्ग गाविसका ३०% खाद्य सुरक्षा चरण ३ अर्थात् उच्चतम खाद्य असुरक्षित अवस्थामा छन् ।
- संशोधन गरिएको घरधुरी संख्यासँग सम्बन्धित घरधुरी प्रतिशत गुणन गर्नुहोस् । जस्तै : २५० घरधुरी × ३०% = ७५ प्रभावित घरधुरीहरु ।
- अनुमानित प्रभावित घरधुरी संख्यासँग घरधुरीको औसत घरधुरी सदस्य संख्या (गाविस लगत अनुरूप घरधुरी सदस्य संख्या) गुणन गर्नुहोस् । जस्तै : ७५ प्रभावित घरधुरीहरु × ५.६१ घरधुरी सदस्यहरु = ४२१ मानिसहरु
- अन्य उपलब्ध विधिहरु : क्षेत्रिय विधि, डेल्फि (Delphi) विधि, टि स्क्वायर (T-square) आदि ।

कृपया विश्व खाद्य कार्यक्रमको Emergency Needs Assessment Branch (ODAN) आपत्कालीन अवस्थामा जनसंख्या आकार अनुमान डिसेम्बर २००६ मा हेर्नुहोला ।

तालिका १०

## भरिएको खाद्य सुरक्षा विश्लेषण तालिका

**जिल्ला :** रोल्पा **प्रतिवेदन अवधि :** जुलाई-सेप्टेम्बर २००८ **पूर्वानुमान अवधि :** अक्टोबर-डिसेम्बर २००८

**समान खाद्य सुरक्षा स्थित भएका गाविसहरु :** (खाद्य सुरक्षा चरण २) (समह क) पाखापानी, जिनाबाङ्, बुढागाउँ, इरीबाङ्, तालाबाङ्, कुरेली, भाबाङ्

**जिल्ला खाद्य सुरक्षा सञ्जालको बैठक मिति :** ३० डिसेम्बर २००८

| | सन्दर्भ सूचकहरु | सूचनाको स्रोत: स्रोत | सूचनाको स्रोत: मिति | विश्वसनीयता: √ | विश्वसनीयता: x | टिप्पणी | प्रत्येक सूचकको पूर्वानुमान | टिप्पणी | समग्र खाद्य सुरक्षा स्थितिको निर्धारित चरण | जनसंख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|
| बाली १ उत्पादन र स्थिति | तराईमा १०-२०% सम्म सामान्यभन्दा कम; पहाड र हिमालमा १०% सम्म सामान्यभन्दा कम | गाविस सचिवसँग खाद्य अनुगमन भेला, खाद्य अनुगमन फिल्ड भ्रमण, जिल्ला कृषि विकास कार्यालय, गाउँलेहरु | २०/२१-९-०८ २०-९-०८ | √ | | रोग र भिषण वर्षा साथै हावाहुरीका कारण मकैको उत्पादन ३०-५०% ले घट्यो | → | सेप्टेम्बरको अन्त्यतिर मकैको बाली कटानी गरिन्छ जुन अहिले नै नाश भईसकेको छ। | १ | |
| | तराईमा २०-४०% सम्म सामान्यभन्दा कम; पहाड र हिमालमा १०-३०% सम्म सामान्य भन्दा कम | | | | | | | | २ | |
| | तराईमा ४०-६०% सम्म सामान्यभन्दा कम; पहाड र हिमालमा ३०-५०% सम्म सामान्यभन्दा कम | | | | | | | | ३ | |
| | तराईमा-६०-८०% सम्म सामान्यभन्दा कम; पहाड, हिमालमा ५०-७०% सम्म सामान्यभन्दा कम | | | | | | | | ४ | |
| | तराईमा ८०% भन्दा बढीले सामान्यभन्दा कम; पहाड र हिमालमा ७०% भन्दा बढीले सामान्यभन्दा कम | | | | | | | | ५ | |
| बाली २ उत्पादन र स्थिति | तराईमा १०-२०% सम्म सामान्यभन्दा कम; पहाड र हिमालमा १०% सम्म सामान्यभन्दा कम | गाविस सचिवसँग खाद्य अनुगमन भेला, खाद्य अनुगमन फिल्ड भ्रमण, जिल्ला कृषि विकास कार्यालय, गाउँलेहरु | २०/२१-९-०८ २५-९-०८ | | × | धान दोस्रो बाली हो । धान साधारणतया सामान्य रहयो तर केही बतास र भिषण वर्षाले नष्ट गर्‍यो । | → | धान अक्टोबरको बीचतिर कटानी गरिन्छ जुन अहिले नै नष्ट भईसकेको छ । | **(३) समग्र खाद्य सुरक्षा स्थिति निर्धारण सम्बन्धी टिप्पणी :** यो क्षेत्र गएको महिनामा खाद्यान्न कमीबाट प्रभावित थियो । रोग र बतासले मकै नष्ट गर्‍यो । केही खाद्यान्न भण्डार छ जुन नोवेम्बर सम्मको लागि मात्र पर्याप्त हुनेछ । तसर्थ मानिसहरु भविष्यको लागि केही कमाई गर्न बसाइ-सराइ गएका छन् । | |
| | तराईमा २०-४०% सम्म सामान्यभन्दा कम; पहाड र हिमालमा १०-३०% सम्म सामान्यभन्दा कम | | | | | | | | | |
| | तराईमा ४०-६०% सम्म सामान्यभन्दा कम; पहाड र हिमालमा ३०-५०% सम्म सामान्य भन्दा कम | | | | | | | | | |
| | तराईमा ६०-८०% सम्म सामान्यभन्दा कम; पहाड र हिमालमा ५०-७०% सम्म सामान्यभन्दा कम | | | | | | | | | |
| | तराईमा ८०% भन्दा बढीले सामान्यभन्दा कम; पहाड र हिमालम ७०% भन्दा बढीले सामान्यभन्दा कम | | | | | | | | | |
| घरधुरीहरुमा खाद्य सञ्चयको अवस्था | ५०% भन्दा बढी घरधुरीहरुमा ३ महिना भन्दा बढिको खाद्यवस्तुको सञ्चय | गाविस सचिवसँग खाद्य अनुगमन भेला, गाउलेहरु | २०/२१-९-०८ २५-९-०८ | √ | | गएको महिनामा खाद्यान्न सञ्चितिमा ह्रास आयो । वर्षे बाली मकै कटानी भएको हुनाले केही खाद्य सञ्चिति भएको छ । | ↓ | मकैको उत्पादन घटेको हुनाले खाद्य असुरक्षाको अवस्था आउने । | | |
| | तराईमा ५०% भन्दा बढी घरहरुमा १-३ महिनासम्मको खाद्यवस्तुको सञ्चय; पहाड, हिमालमा ५०% भन्दा बढी घरहरुमा २-३ महिनाको खाद्यवस्तुको सञ्चय) | | | | | | | | | |
| | तराईमा ३०% भन्दा बढी घरहरुमा १ महिना भन्दा कम खाद्यवस्तुको सञ्चय; पहाड र हिमालमा ३०% भन्दा बढी घरह घरहरुमा १-२ महिनाको खाद्यवस्तुको सञ्चय) | | | | | | | | | |
| | तराईमा ३०-५०% घरहरुमा खाद्य सञ्चय सकिएको; पहाड र हिमालमा ३०-५०% घरहरुमा १ महिनाभन्दा कमको खाद्य सञ्चय) | | | | | | | | | |
| | ५०% भन्दा बढी घरहरुमा खाद्य सञ्चय सकिएको | | | | | | | | | |

| सन्दर्भ सूचकहरु | | सूचनाको स्रोत: स्रोत | सूचनाको स्रोत: मिति | विश्वसनीयता: √ | विश्वसनीयता: x | टिप्पणी | प्रत्येक सूचकको पूर्वानुमान | टिप्पणी | |
|---|---|---|---|---|---|---|---|---|---|
| **प्रमुख बजारमा मुख्य खाद्यान्नको सञ्चय** | सञ्चय सामान्य रहेको (सञ्चय राम्रो अवस्थामा र आपूर्ति मागलाई पूरा गर्न पर्याप्त)<br>सञ्चय घट्दै गएको तर पनि आपूर्तिले मागलाई पूरा गर्न पर्याप्त<br>सञ्चय निकै कम, आंशिकरुपमा मात्र मागलाई पूरा गर्न सकेको<br>सञ्चय नरहेको<br>सञ्चय नरहेको, बजार सञ्चालनमा नरहेको | गाविस सचिवसँग खाद्य अनुगमन भेला, गाउलेहरु | २०/२१-९-०८ २५-९-०८ | √ | | बजारमा १-२ महिना सम्मको लागि खाद्य संचिती भएको, जुन यस क्षेत्रको सामान्य चलन हो । | → | सडकको अवस्थामा सुधार आएको र अन्न बाली भित्राएको कारण बजारमा पर्याप्त खाद्य संचिती हुनेछ । | **(३) समग्र विश्वसनीयताको स्थिति** (√=विश्वसनीय X=अपुष्ट) |
| **जिल्लाभित्र ज्यालादारी रोजगारीका अवसरहरु** | सामान्य स्थितिमा रहेको<br>सामान्य स्थितिकोभन्दा १०-३०% ले कम भएको<br>सामान्य स्थितिकोभन्दा ३०-५०% ले कम भएको<br>अवसरहरु ५०% भन्दा बढीले अवसर घटेको वा अवसर नरहेको<br>अवसर नरहेको | गाविस सचिवसँग खाद्य अनुगमन भेला, गाउलेहरु | २०/२१-९-०८ २५-९-०८ | | x | मानिसहरुले साधारणतया निर्माणको काम गर्छन् । | → | गै.स.सं/स.सं. को कार्यक्रमहरुमा ज्यालादारी कामको अवसर | **(४) समग्र खाद्य सुरक्षा स्थितिको पूर्वानुमान ↑→↓**<br>↓ |
| **गैर काष्ठ वन पैदावार, नगदे बाली र अन्य कृषिजन्य उत्पादनको बिक्री** | सामान्य स्थितिको आम्दानी रहेको<br>सामान्य स्थितिकोभन्दा ३०% ले आम्दानी कम भएको<br>सामान्य स्थितिकोभन्दा ३०-६०% ले आम्दानी कम भएको<br>६०% भन्दा बढीले ले आम्दानी कम भएको<br>बेचबिखन छैन | गाविस सचिवसँग खाद्य अनुगमन भेला, गाउलेहरु | २०/२१-९-०८ २५-९-०८ | | x | सडक पहुँचका कारण गैर काष्ठ वन पैदावार, नगदे बाली र अन्य कृषिजन्य उत्पादनको बिक्री बढेको । | → | उस्तै रहने छ । | |
| **चामलको बजार भाउ** | घटेको, स्थिर वा सामान्यभन्दा १०% सम्म वृद्धि<br>सामान्य बजारभाउभन्दा १०-२०% ले वृद्धि भएको<br>सामान्य बजारभाउभन्दा २०-४०% ले वृद्धि भएको<br>सामान्य बजारभाउभन्दा ४०-८०% ले वृद्धि भएको<br>सामान्य बजारभाउभन्दा ८०-१००% ले वृद्धि भएको | गाविस सचिवसँग खाद्य अनुगमन भेला, गाउलेहरु | २०/२१-९-०८ २५-९-०८ | √ | | भारतबाट चामल आयात बन्द भएको र ईन्धनको मूल्यमा अन्तराष्ट्रिय रुपमा आएको बृद्धि । | ↑ | सुधारिएको सडक पहुँच र वर्षे बालीको कटानीका कारण खाद्यान्न मूल्य घट्ने सम्भावना । | **(५) समग्र खाद्य सुरक्षा स्थितिको पूर्वानुमान सम्बन्धी टिप्पणी**<br>खाद्यान्नको अभाव हुने छ । मनिसहरु क्षतिपूर्ति गर्न नसकिने निर्वाह पद्धति प्रयोग गर्न बाध्य हुनेछन् । |
| **प्राकृतिक प्रकोप** | प्राकृतिक प्रकोपको घटना नभएको वा घटना भएको अवस्थामा पनि २०% भन्दा कम सञ्चित खाद्यवस्तु वा चलअचल सम्पत्तिको क्षति भएको<br>प्राकृतिक प्रकोपको घटनाले २०-३०% सम्म सञ्चित खाद्यवस्तु वा चलअचल सम्पत्तिको क्षति भएको<br>प्राकृतिक प्रकोपको घटनाले ३०-५०% सम्म सञ्चित खाद्यान्न, चलअचल सम्पत्तिको क्षति र जनधनको क्षति<br>प्राकृतिक प्रकोपको घटनाले ५०% भन्दा बढी सम्म सञ्चित खाद्यान्न, चलअचल सम्पत्तिको क्षति र जनधनको क्षति<br>वृहत्स्तरको प्राकृतिक प्रकोप (भूकम्प, बाढीपहिरो) ले पूर्णरुपले भौतिक संरचना तथा जग्गाजमिनमा क्षति पुऱ्याएको वा मानवीय क्षति हुनाको साथै व्यापक मानवीय विस्थापन गराएको | गाविस सचिवसँग खाद्य अनुगमन भेला, गाउँलेहरु | २०/२१-९-०८ २५-९-०८ | √ | | सेप्टेम्बरको दोस्रो हप्तामा आएको भिषण वर्षा र बतासले वर्षे बाली नष्ट गऱ्यो । | ↑ | वर्षाको मौसम सकिएको र बाढी तथा पहिरोको डर कम भएको । | |

| | सन्दर्भ सूचकहरु | सूचनाको स्रोत: स्रोत | सूचनाको स्रोत: मिति | विश्वसनीयता: √ | विश्वसनीयता: x | टिप्पणी | प्रत्येक सूचकको पूर्वानुमान | टिप्पणी | |
|---|---|---|---|---|---|---|---|---|---|
| **बसाइ-सराइ** | पारम्पारिक मौसमी बसाइ-सराइ १०% ले वृद्धि<br>पारम्पारिक मौसमी बसाइ-सराइ १०-२०% ले वृद्धि<br>पारम्पारिक मौसमी बसाइ-सराइ २०-४०% ले वृद्धि<br>पारम्पारिक मौसमी बसाइ-सराइ ४०% भन्दा बढीले वृद्धि<br>बृहत्स्तरको बसाइ-सराइ | गाविस सचिवसँग खाद्य अनुगमन भेला, गाउलेहरु | २०/२१-९-०८ २५-९-०८ | | x | यस समयमा मौसमी बसाइ-सराइको चलन सामान्य हो । यो बाहिरी बसाइ-सराइको मौसम होइन । | ↓ | आउँदो मौसम बाहिरी बसाइ-सराइको उच्च मौसम हो । | **(६) खाद्य असुरक्षाको तत्कालीन कारणहरु :**<br>क. खडेरी<br>ख. बाढी<br>ग. असिना<br>घ. ढिलो/छिटो वर्षाको स्थिति<br>ङ. पहिरो<br>छ. अस्तव्यस्त बजार/ महंगो बजार भाउ<br>च. अन्नबालीमा रोग<br>ज. सामाजिक सुरक्षा<br>झ. रोग व्याधीको संक्रमण<br>ञ. बेरोजगारी<br>ट. अन्य (छाया हुरी) |
| **निर्वाह पद्धति** | जीविकोपार्जनको पारम्परिक निर्वाहपद्धति (बसाइ-सराइ, ज्यालादारी, गैरकाष्ठ वन पैदावारको बिक्री, कन्दमूलको उपभोग)<br>दैनिक आहारव्यवहारमा परिवर्तन (खानाको परिमाणमा कमी, मनपरेको खाना कम मात्रामा)स खाद्यान्न तथा पैसा सापट, पैंचो, चलअचल सम्पत्तिको बेचबिखन)<br>भविष्यमा परिपूर्ति नहुने किसिमको निर्वाह पद्धतिको शुरुवात (चौपाया, बीज–बिजन, घरजग्गा बेचबिखन, खानाको छाक बिराउने)<br>भविष्यमा परिपूर्ति नहुने निर्वाह पद्धतिको चरम अवस्था (अत्यधिक मात्रामा चौपाया बेचबिखन, लुटपाट, झगडा, कन्दमूलमा मात्र आश्रित)<br>निर्वाह पद्धतिमा पूर्णरुपले ह्रास आई भोकमरीको अवस्था सिर्जना भएको | गाविस सचिवसँग खाद्य अनुगमन भेला, कृषकहरु | २०/२१-९-०८ १६-९-०८ | √ | | यस चक्रमा यो चलन सामान्य हो । मनिसहरुले ज्यालादरी काम गर्ने र खाद्यान्न खरिद गर्ने गर्दछन् । | ↓ | घरधुरीको खाद्य संचिति सकिनेछ र खाद्यान्न अभाव सँग निर्वाह गर्नका लागि बाहिरी बसाइ-सराइको दर बढ्ने छ । मनिसहरु मुख्यतया भारत तर्फ बसाइ-सराइ गर्न शुरु गरेका छन् । | |
| **बालबालिका हरुमा (५ वर्ष मुनिका) कुपोषणको अवस्था (दुब्लाएका)** | x<br>x<br>१०-१५% रहेको<br>१५% भन्दा बढी रहेको<br>३०% भन्दा बढी रहेको | जिल्ला स्वास्थ्य कार्यालय | १७-९-०८ | | x | कुपोषणको अवस्था उच्च छैन । | ↑ | जिल्ला स्वास्थ्य कार्यालयद्वारा जनचेतना कार्यक्रम सञ्चालन । | |
| **रोग व्याधि** | रोगव्याधि उल्लेख्य रुपमा नरहेको<br>पर्याप्त रोगव्याधि, नियन्त्रणमा रहेको<br>संक्रमणको प्रकोप बढ्दो अवस्था<br>महामारी फैलिएको<br>महामारी फैलिएको | जिल्ला स्वास्थ्य कार्यालय | १७-९-०८ | √ | | कुपोषणको अवस्था उच्च छैन । | ↑ | जिल्ला स्वास्थ्य कार्यालय द्वारा जनचेतना कार्यक्रम सञ्चालन । | **(६) खाद्य असुरक्षाको अन्तरनिहित कारणहरु**<br>क. सिँचाइ सुविधा नहुनु<br>ख. बाटोको सुविधा नहुनु<br>ग. उपलब्ध जग्गा<br>घ. अपर्याप्त जग्गा<br>घ. जनचेतना/शिक्षा<br>ङ. अन्य – |
| **नागरिक सुरक्षा** | सामान्य शान्तिपूर्ण स्थिति रहेको ।<br>सुरक्षाको स्थिति बिग्रदो अवस्थामा (बन्द र चक्का जाम निरन्तर ७ देखि १५ दिन प्रति ३ महिनामा)<br>आवतजावत बन्द (बन्द र चक्का जाम निरन्तर १५ देखि ३० दिन प्रति ३ महिनामा)<br>आवतजावत बन्द (बन्द र चक्का जाम निरन्तर ३० दिन भन्दा बढि प्रति ३ महिनामा)<br>द्वन्द्वको चरम स्थिति तथा मानवीय विस्थापनको अवस्था । | गाविस सचिवसँग खाद्य अनुगमन भेला, कृषकहरु | २०/२१-९-०८ २६-९-०८ | | v | यस समयमा यस क्षेत्रमा शान्तिको अवस्था रह्यो । | → | यो चलन आउँदो अनुगमन चक्रमा पनि उस्तै रहने छ । | |

नोट : v = विश्वसनीय; x = अपुष्ट

## ङ. जिल्ला खाद्य सुरक्षा अवस्थाको जानकारी संश्लेषण गर्न खाद्य सुरक्षा संश्लेषण तालिकाको प्रयोग

खाद्य सुरक्षा संश्लेषण तालिकाले खाद्य सुरक्षा स्थितिका कारण र पूर्वानुमान सम्बन्धी प्रत्येक गाविसका समूहको तथ्याङ्क राख्दछ । यसले जिल्लाको समग्र खाद्य सुरक्षा स्थितिको समीक्षा गर्न सहयोग पुऱ्याउँछ ।

यस तालिकाको पहिलो महलले गाविस समूहको चरणलाई समावेश गर्न स्थान प्रदान गर्दछ ।

दोस्रो महलले गाविसको समूहहरूलाई तोकिएको अक्षर उल्लेख गर्ने स्थान (क, ख, ग, घ ...) प्रदान गर्दछ ।

तेस्रो महलले सम्बन्धित गाविस समूहको अवस्था विश्लेषण प्रदान गर्दछ । तसर्थ खाद्य सुरक्षा स्थिति वर्णन गर्ने मुख्य सूचकहरूलाई यस भागमा संश्लेषण गरिनु गर्दछ । (जस्तै : घरधुरीको खाद्य सञ्चिति, बसाइ-सराइ चलन, निर्वाह पद्धति, बाल कुपोषण)

चौथो महलमा कारणहरू (प्रत्यक्ष र आधारभूत दुबै) जसले खास खाद्य सुरक्षा स्थितिसम्म पुऱ्याएको छ । ती कारणहरू प्रति सहयोगी मुख्य सूचकहरू उल्लेख गर्नुहोस् (प्रत्यक्ष कारण : बाली उत्पादन, प्राकृतिक प्रकोप, नागरिक सुरक्षा, गैर काष्ठ वन पैदावार र कृषिजन्य उत्पादनको बेचबिखन । आधारभूत कारणहरू : दूर्गम, कम जग्गा आदि)

पाँचौ र छैंठौं महलमा क्रमश : पूर्वानुमान (आउँदो अनुगमन चक्रमा सम्बन्धित गाविस समूहको सम्भाव्य खाद्य सुरक्षा स्थिति बताउने) र पूर्वानुमान निर्धारण गर्ने कारणहरू उल्लेख गर्नुहोस् ।

अन्तिम महलमा गएको अनुगमन चक्रको तुलनामा खाद्य सुरक्षा स्थितिमा आएको परिवर्तन निर्धारण गर्ने कारकहरूलाई उल्लेख गर्नुहोस् । जस्तै : बाली भित्र्याउने, वर्षा यामको अन्त्य जसले राम्रो सडकको पहुँच जनाउँछ, मानवीय/विकास सहयोग आदि ...) । यदि खाद्य सुरक्षा चरणमा परिवर्तन आएको भएमा मात्र यो भागलाई भर्ने ।

तालिका ११

# भरिएको खाद्य सुरक्षा संश्लेषण तालिका

**जिल्ला :** रोल्पा **पूर्वानुमान अवधि :** जनवरी – मार्च २००९

**जिल्ला खाद्य सुरक्षा सञ्जालको बैठक मिति :** ३० डिसेम्बर २००८ **प्रतिवेदन अवधि :** डिसेम्वर २००८

| खाद्य सुरक्षा चरण (१, २, ३, ४, ५) | समूह (क, ख, ग, -) | अवस्था विश्लेषण (कृपया मुख्य सूचकहरूबारे उल्लेख गर्नुहोस् । बाली उत्पादन र स्थिति, घरमा अनाजको सञ्चिति, मुख्य खाद्य पदार्थको बजारमा सञ्चय, ज्याला र अन्य रोजगारीका अवसरहरु आदि) | कारणहरु (कृपया सान्दर्भिक कारणहरु उल्लेख गर्नुहोस् जस्तै बाली बिग्रनु, प्राकृतिक प्रकोप, बेरोजगारी, मूल्य वृद्धि आदि) | पूर्वानुमान (↑→↓) | कारणहरु (बाली उत्पादनले घरको अनाज सञ्चयमा असर, बजार को मूल्य, मानवीय सहयोग आदि) | गत त्रैमासिकको सन्दर्भमा के परिवर्तन भएको छ । |
|---|---|---|---|---|---|---|
| १ | क | घरधुरीसँग पर्याप्त खाद्य सञ्चिति (२ देखि ३ महिनासम्म), जीविकोपार्जनका परम्परागत रणनीतिहरु अपनाइएको । | मकैको उत्पादन राम्रो भयो, रोजगारीका अवसर राम्रो छ, शान्ति सुरक्षाको स्थिति सामान्य छ । | → | रोजगारीका अवसरहरु उपलब्ध भई नै रहने देखिन्छ, खाद्य सञ्चिति पर्याप्त र हने छ । | कोतगाउँको पूर्वानुमान विगँदो थियो तर जि.वि.स.को यस त्रैमासिकमा भएका कार्यक्रमहरूका कारणले खाद्य सुरक्षाको पहिलो चरणमा रहेको छ । |
| | ख | घरधुरीसँग २ महिनाको खाद्य सञ्चिति छ, जीविकोपार्जनका परम्परागत रणनीतिहरु अपनाइएको । | मकैको उत्पादन मध्यम भयो, रोजगारीका अवसर राम्रो (खासगरी जि.वि.स.को सडक निर्माण तथा अन्य विकासका कार्यक्रमले) छ, शान्ति सुरक्षाको स्थिति सामान्य छ । | → | रोजगारीका अवसरहरु उपलब्ध भइनै रहने देखिन्छ, खाद्य सञ्चिति पर्याप्त रहने छ । | |
| २ | ग | घरधुरीसँग खाद्य सञ्चिति १ देखि महिना सम्मको लागि छ, खाद्यन्न तथा पैसा सापट लिन थालिएको छ । बसाइ-सराइ १० देखि २० प्रतिशतले बढको छ । | हावाहुरी तथा कीराको आक्रमणले मकैको उत्पादन घट्यो, गैरकाष्ठ वन पैदावारको आम्दानी खाद्यान्न किन्न नपुग्ने गरी कम भयो । रोजगारीका अवसर न्यून छन । | → | रोजगारीका अवसरहरु उस्तैने रहने देखिन्छ, बाहिरबाट (बसाइ-सराइबाट) केही आम्दानी आउने छ । | राङसी गाविस विगत त्रैमासिकमा खाद्य सुरक्षाको तेस्रो चरणमा थियो, रोजगारीका अवसरले अवस्थामा सुधार आएको छ । विगत त्रैमासिकमा खाद्य सुरक्षित रहेको गुँइगर, घर्तीगाउँ, करेती र नुवागाउँ वर्षबाली नराम्रो भएकोले र रोजगारी नभएकाले अवस्था बिग्रने छ । |
| ३ | घ | घरधुरीसँग खाद्य सञ्चिति १ महिनाभन्दा कमका लागि छ, दिगो नहुने खालका जीविकोपार्जनका रणनीतिहरु अपनाइएको छ । बसाइ-सराइ १० देखि २० प्रतिशतले बढेको छ । | हावाहुरी तथा कीराको आक्रमणले वर्षबाली एकदम नराम्रो भयो, रोजगारी छैन, सडकको पहुँच छैन । खतीयोग्य जमीन सीमान्त खालको छ । | → | रोजगारीका अवसरहरु उस्तै नै रहने देखिन्छ, बाहिरबाट (बसाइ-सराइबाट) केही आम्दानी आउने छ । | यी गाविसको समूहमा विगत त्रैमासिकमा भन्दा स्थिति परिवर्तन छैन । |
| ४ | | | | | | |
| ५ | | | | | | |

**समान खाद्य सुरक्षाको चरणमा रहेका गाविसको समूहः**

# च. खाद्य सुरक्षा चरण वर्गीकरण नक्सा

खाद्य सुरक्षा चरण वर्गीकरण नक्साले बृहत जटिल सूचनाहरू सरल रूपमा प्रस्तुत गरी निर्णयमा पुग्न र आवश्यक कार्यक्रम निर्धारण गर्न सक्षम बनाउँदछ । यिनीहरू चरण वर्गीकरणको साथ साथै अवस्था विश्लेषणको महत्वपूर्ण तत्वहरूको सञ्चार गर्न मुख्य रूपले तयार गरिएको हुन्छ । चरण वर्गीकरण नक्साको नियमित प्रयोगको माध्यमबाट प्रयोगकर्ताले जटिल सूचनाको तुरुन्तै व्याख्या गर्न सक्छन् ।

खाद्य सुरक्षा चरण वर्गीकरण नक्सा दुई किसिमका छन् :

१. जिल्ला खाद्य सुरक्षा सञ्जालद्वारा तयार पारिने जिल्ला खाद्य सुरक्षा चरण वर्गीकरण नक्सा ।
२. काठमाडौंको केन्द्रीय विश्लेषण इकाइद्वारा तयार पारिने राष्ट्रिय खाद्य सुरक्षा चरण वर्गीकरण नक्सा ।

दुबैले निम्न जानकारीहरू उपलब्ध गराउँछन् :


- खाद्य सुरक्षा चरणहरूको भौगोलिक बितरण : फरक फरक ५ रङ्गहरूको प्रयोगले नक्सामा खाद्य सुरक्षाको विभिन्न चरणमा रहेको क्षेत्रहरूलाई देखाउँछ ।
- पूर्वानुमान : खाद्य सुरक्षा नक्साले विभिन्न समुहको पूर्वानुमान दिन्छ । (अ) बिग्रदो (आ) सुधारोन्मुख र (इ) स्थिर रहन्छ । यी दृष्टिकोणहरू विश्लेषण तालिका र संश्लेषण तालिका द्वारा प्राप्त सूचनाहरूमा आधारित हुन्छ ।
- राष्ट्रिय खाद्य सुरक्षा वर्गीकरण नक्साले विशिष्ट कोष्ठक (call out box), जिल्लाको भौगोलिक आधारमा खाद्य सुरक्षाका कारणको सूचना (जस्तै : कर्णाली, पश्चिमी तराई आदि), चरण ३ र ४ मा परेका मानिसहरूको संख्या र खाद्य असुरक्षा स्थितिको गहिराइ (विभिन्न चरणमा परेका मानिसहरूको प्रतिशत)[११] ।

चित्र ६

## पूरा गरिएको जिल्ला खाद्य सुरक्षा चरण वर्गीकरण नक्सा

**रोल्पा जिल्ला : खाद्य सुरक्षा स्थिति (असार-असोज २०६५)**


रोल्पा जिल्लामा मकै मुख्य एवम् महत्वपूर्ण वर्षे अन्नबाली हो । मकैको उत्पादन सामान्य रहेको अवस्थामा जिल्लाको खाद्य सुरक्षाको स्थिति पनि करिव पुस महिनासम्म सामान्य रहन्छ । तर यसपटक हावाहुरी र रोगको कारणले जिल्लाको उत्तर-पश्चिम क्षेत्रमा मकैको उत्पादन ५०% भन्दा धेरैले कमी हुन गयो, जसले गर्दा उक्त क्षेत्रका सात गाविसहरु असोज महिनामा नै उच्चतम खाद्य असुरक्षित अवस्थामा धकेलिएका छन् र करिव १४ हजार ७ सय व्यक्तिहरु जोखिमपूर्ण अवस्थामा पुगेकाछन् । यसकारणले गर्दा कामको खोजीमा जिल्ला छाडेर बाहिर जानेहरूको संख्या दिनहुँ बढ्दै गएको छ ।



[११] 'खाद्य सङ्कटको गहिराइ' प्रतिशत काठमाडौंको केन्द्रीय खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण इकाइद्वारा अल्गोरिदम् (algorithm) प्रयोग गरी गणना गरिन्छ । अल्गोरिदम्मा जनसंख्याको लगत, दरिद्र आम्दानीको घटना र गम्भीरता, कुपोषणको घटना र गम्भीरता र चरण वर्गीकरण समावेश गर्दछ । जस्तै : चरण १ मा वर्गीकृत गाविसमा (सामान्यतया खाद्य सुरक्षित) तर अति गरिबीको घटना र गम्भीरताका कारण चरम् खाद्य असुरक्षा भोगेका धेरै घरधुरीहरू हुनसक्दछ । यसको ठीक उल्टो चरण ४ तोकिएको गाविसमा धेरै कम गरिबीका घटनाहरू भएका कारण खाद्य सुरक्षित मानिसहरूको प्रतिशत पनि हुन सक्दछ ।

चित्र ७

# पूरा गरिएको राष्ट्रिय खाद्य सुरक्षा चरण वर्गीकरण नक्सा



# ३.३ सहभागितात्मक पुनरावलोकन सञ्चालन

कार्य समूहले विश्लेषण गरेको सन्दर्भमा ...

खाद्य सुरक्षा विश्लेषण तालिका भर्ने काम सकिएपछि र सम्पूर्ण सान्दर्भिक तालिकाहरू भरिसकेपछि, त्यसको समीक्षा अन्तिम अनुमोदनका लागि जिल्ला खाद्य सुरक्षा सञ्जालका सदस्यहरू समक्ष प्रस्तुत गर्नु पर्दछ । यी सूचनाहरूलाई पुनः एक पटक जाँच गर्ने र विश्लेषणमा एकरूपता र स्पष्ट रहेको सुनिश्चित गर्ने अवसर हो ।

छलफल नितान्त प्राविधिक हुनुपर्दछ र पूरा गरिएका तालिकाहरूमाथि केन्द्रित हुनु पर्दछ तर राजनैतिक कुराहरूमा होइन ।

सहजकर्ताले सदा सहभागीहरूको छलफललाई खाद्य सुरक्षा चरण वर्गीकरण र सन्दर्भ तालिका र विशेषत विभिन्न परिमाणात्मक सीमाहरूकोबारेमा केन्द्रित गर्नु पर्दछ ।

# २.४ विश्लेषणको नतिजाहरूको सञ्चार

खाद्य सुरक्षा अनुगमन प्रक्रियालाई प्रभावकारी बनाउनको लागि सबै सहभागीहरूले समयावधि र पर्याप्त सञ्चार माध्यमहरूलाई ध्यानमा राख्नु पर्दछ । सबै आवश्यक सूचनाहरू सही रूपमा र समयमा नै जिल्ला तहबाट (जिल्ला खाद्य सुरक्षा सञ्जाल) केन्द्रीय तहसम्म पुऱ्याउने कुरामा निश्चित हुनु एउटा चुनौती हो ।

विश्व खाद्य कार्यक्रम क्षेत्रमा फिल्ड मनीटरहरू उपलब्ध भएको अवस्थामा यस प्रक्रियामा माध्यम र सहयोगीको रूपमा कार्य गर्दछन् । उनीहरूले देशभरि नै जिल्ला खाद्य सुरक्षा सञ्जाललाई औजारहरूको सङ्गालोको प्रयोग एकरूपताकासाथ लागू गरिएको कुरा सुनिश्चित गर्दछन् । उनीहरूले जिल्लास्तरीय अनुगमन र विश्लेषण तथा अनुगमन कार्य त्रैमासिक अनुगमन चक्रको समायावधि भित्रै गरिएको पनि सुनिश्चित गर्दछन् ।

हरेक तीन महिनामा, जिल्लास्तरीय खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रक्रिया पूरा भएपछि, जिल्ला खाद्य सुरक्षा सञ्जालले (विश्लेषण तालिका, संश्लेषण तालिका, चरण वर्गीकरण नक्सा) प्रयोग गरी आफ्नो विश्लेषणको नतिजा केन्द्रीय विश्लेषण इकाइ, काठमाडौँमा पठाउँछ । यो कार्य अनुगमन चक्रको अन्तिम हप्ताभित्र सकेसम्म चाँडै गरिनु पर्छ ।

केन्द्रीय विश्लेषण इकाइले सबै जिल्ला खाद्य सुरक्षा सञ्जालबाट प्राप्त जानकारीहरूलाई राष्ट्रिय रूपमा सम्पादन र विश्लेषण गर्दछ र आवश्यक प्रष्टताका लागि आग्रह गर्न सक्दछ ।

- नेपाल सरकार, संयुक्त राष्ट्र संघका निकायहरू र (अन्तर्राष्ट्रिय) गैर सरकारी संस्थाहरू जस्ता मुख्य निकायहरूद्वारा गठित राष्ट्रिय प्राविधिक समितिले राष्ट्रिय स्तरको विश्लेषण प्रमाणीकरण गरिन्छ ।
- केन्द्रीय विश्लेषण इकाइले राष्ट्रिय चरण वर्गीकरण नक्सा तयार पार्दछ र सरोकारवालाहरू बीच आदान प्रदान गर्दछ ।

# २.५ बारम्बार सोधिने प्रश्नहरू

**१ *यदि मसँग सम्पूर्ण सूचकहरूको लागि चाहिने तथ्याङ्क छैन भने के मैले खाद्य सुरक्षा र चरण वर्गीकरण विश्लेषण पूरा गर्न सक्छु ?***

सक्नुहुन्न । किन कि गाविसको खाद्य सुरक्षा स्थितिको पहिचान गर्न सकेसम्म १२ वटै सूचकहरूबारे जानकारी हुन आवश्यक छ वा कम्तिमा पनि उक्त अनुगमन अवधिको त्यस गाविसका महत्वपूर्ण सूचकहरूकोबारे जानकारी उपलब्ध हुन अनिवार्य छ । किनकि कुनै एक महत्वपूर्ण सूचकको जानकारीको कमी हुँदा गाविसको खाद्य सुरक्षा स्थितिको चरण नै फरक पर्न सक्छ ।

**२ *सूचकको आधारमा परिमाणात्मक सीमाहरू (Threshold) फरक भएमा त्यस गाविसलाई मैले कुन चरणमा राख्नुपर्छ ?***

गाविसको चरण निर्धारण प्रक्रिया एक विवेकशिल र सहभागीमूलक प्रक्रिया हुन आवश्यक छ । विभिन्न सूचकहरूको खाद्य सुरक्षामा कुन सूचक बढी हावी हुन सक्छ, कुन बढी निर्णायक छ त्यसलाई मध्यनजर गर्दै सहभागितात्मक रूपमा उपर्युक्त विवेकको प्रयोग गरी खाद्य सुरक्षा चरण निर्धारण गर्नु पर्दछ । साथै यस अवस्थामा उक्त गाविसलाई आवश्यक भए विभाजित गरी खाद्य सुरक्षा चरण वर्गीकरण गर्न सकिन्छ । थप जानकारीका लागि सुझाव ८ पनि हेर्नुहास् ।

**३ *जिल्ला खाद्य सुरक्षा सञ्जालद्वारा सङ्कलित बिचार विमर्शको कस्तो कानुनी मान्यता छ ?***

जिल्ला खाद्य सुरक्षा सञ्जाल नेपाल खाद्य सुरक्षा अनुगमन प्रणालीको एक महत्वपूर्ण अङ्ग हो र नेपाल खाद्य सुरक्षा अनुगमन, नेपाल सरकार, राष्ट्रिय योजना आयोग, कृषि तथा सहकारी मन्त्रालय र विश्व खाद्य कार्यक्रमको एक संयुक्त प्रयास भएकोले यसबाट नै यसको वैधानिकता झल्कन्छ । हाल नेपाल सरकारका विभिन्न महत्वपूर्ण दस्तावेज चालु तीन वर्षीय अन्तरिम योजना, दीर्घकालीन कृषि नीति लगायत नेपालको अन्तरिम संविधानमा पनि खाद्य सम्प्रभूताबारे उल्लेख रहेको र यो कार्यक्रम खाद्य सुरक्षा सञ्जाल पनि सम्बन्धित भएकोले कानुनी मान्यताको स्थितिबारे जानकारी दिन्छ । त्यसै गरी तीन वर्षीय अन्तरिम योजनाले पनि उल्लेख गरेको छ कि 'प्रत्येक जिल्लामा कृषि तथा खाद्य-सुरक्षा समन्वय समिति मार्फत खाद्य तथा पोषण सम्बन्धी योजनाहरूको तर्जुमा, कार्यान्वयन र अनुगमन कार्यको समन्वय गरिनेछ । ...

## ४ यदि जिल्ला खाद्य सुरक्षा सञ्जालले माग गरेमा स्वतः सहायता आउँदछ ? यदि होइन भने त्यस्ता सञ्जालको उद्देश्य के हो ?

खाद्य सुरक्षा सञ्जालले जिल्लाको खाद्य सुरक्षा स्थितिबारे अनुगमन गर्ने एक महत्वपूर्ण संरचना हो । सहायताको निर्णय विभिन्न सरोकारवालाहरूको सहभागितामा निर्धारित हुने हुनाले जिल्ला खाद्य सुरक्षा सञ्जाल ले निर्णय गर्दैमा प्राप्त हुने होइन । तर यो निर्णय सहायता प्राप्त गर्न का लागि एक बलियो आधार भने अवश्य नै हो ।

## ५ अनुगमन किन गर्ने जब हामीसँग कृषि तथा सहकारी मन्त्रालयद्वारा प्रकाशित वार्षिक कृषि उत्पादन प्रतिवेदन छ भने ?

यस अध्ययनले वार्षिक रूपमा खाद्य उपलब्धता र खाद्य कमी (Food Deficit / surplus) बारे जानकारी दिन्छ तर खाद्य सुरक्षाको स्थिति छोटो समयमा नै फरक पर्ने हुनाले कम्तिमा पनि ३ महिनाको अनुगमन चक्र अनुरूप जानकारी सङ्कलन गरी विश्लेषण गर्दा खाद्य सुरक्षाका अनुगमनको कार्यक्रम प्रभावकारी हुन्छन् ।

## ६ के राजनैतिक दलहरू जिल्ला खाद्य सुरक्षा सञ्जालको अंश हुन सक्छन् ?

प्रत्यक्ष रूपमा खाद्य स्वास्थ्य सुरक्षा बारेका जानकारी सङ्कलन प्रक्रियामा राजनैतिक दलहरू नियमित रूपमा संलग्न हुन सक्ने स्थिति रहेकाले सञ्जालका सदस्य बन्नु व्यवहारिक हुंदैन तर खाद्य सुरक्षा सञ्जाल बाट सङ्कलित जानकारीका आधारमा खाद्य सुरक्षा स्थिति बारे राजनैतिक दलहरूलाई उपयूक्त विधि र समयमा जानकारी आदान प्रदान गर्नु र निर्णय प्रक्रियामा सहभागी गराउनु महत्वपूर्ण हुन्छ ।

## ७ के जिल्ला खाद्य सुरक्षा सञ्जालका सदस्यहरुले तलब/प्रोत्साहन पाउँछन ? के जिल्ला खाद्य सुरक्षा सञ्जालसँग आबद्ध हुन कुनै मूल्य जोडिएको छ ?

यस कार्यक्रममा संलग्न भए बापत कुनैपनि भत्ता वा तलव उपलब्ध हुंदैन । त्यसै गरी यो सञ्जालमा सहभागी हुन कुनै मूल्य तिर्नु पर्दैन, मूल रूपमा सरोकारवालाहरूको अमूल्य समय र आफूसंग भएका उपयुक्त जानकारीहरूको आदान प्रदान नै महत्वपूर्ण योगदान हो ।

# सन्दर्भ सामाग्रीहरू


1. United Nations World Food Program, Food Security Bulletin – 21, November 2008
2. United Nations World Food Program, Food Security Bulletin – 22, January 2009
3. Government of Nepal, National Planning Commission, Three Year Interim Plan, 2007
4. Integrated Food Security Phase Classification (IPC), User Guide, Version 1.0, October 2008
5. Strengthening the Food Security Phase Classification Approach in Nepal", (SENAC project – Nepal component), FINAL REPORT, December 2008
6. Research for Development, A practical guide, Sophie et al, Save the Children, 2003
7. अभ्यास खेलहरूको सङ्गालो, केएर नेपाल
8. नेपालको अन्तरिम संविधान २०६३
9. KIT/IDRC 2003, Designing and Conducting Health Systems Research Projects: Volume 1, Proposal Development and Fieldwork, Corlien M. Varkevisser, Indra Pathmanathan, and Ann Brownlee
10. Nepal 2006 Demographic and Health Survey 2006
11. Performance Monitoring and Evaluation, USAID, Centre for Development Information and Evaljution



नेपाल सरकार
**कृषि तथा सहकारी मन्त्रालय**
सिंहदरबार, काठमाडौं, नेपाल
**फोन** : ९७७-१-४२११६८७
**फ्याक्स** : ९७७-१-४२११८३९
**इमेल** : agribusiness@moac.gov.np
**वेबसाईट** : www.moac.gov.np

संयुक्त राष्ट्र संघ
**विश्व खाद्य कार्यक्रम**
चाकुपाट, पाटनढोका, ललितपुर
पोवनं. १०७, काठमाडौं, नेपाल
**फोन** : ९७७-१-५५४२६०७
**फ्याक्स** : ९७७-१-५५२४१०१
**वेबसाईट** : www.wfp.org